# Contents


परिच्छेद-१ ... 3

परिचय ... 3

१.१ परिचय ... 3

१.३ सुचना, शिक्षा र सञ्चार रणनीतिको आवश्यकता ... 4

१.४ बिगतको सुचना, शिक्षा र सञ्चार रणनीतिको समीक्षा ... 5

१.५ समग्र सुचना, शिक्षा र संचार रणनीतिको महत्व ... 6

१.६ स्थानीय बिकास मन्त्रालयको संचार रणनीति सम्बन्धी सबल तथा कमजोर पक्ष, अवसर र चुनौतीको बिश्लेषण ... 6

१.७ स्थानीय शासन सुधारको लागि ICT प्रयोगको संभावना तथा चुनौतीहरु ... 7

१.८ रणनीति तयारीका सीमाहरु ... 7

१.९ सुचना, शिक्षा र संचार रणनीतिका सिद्धान्तहरु ... 7

१.१० सुचना, शिक्षा र संचार रणनीतिको समग्र उद्देश्य ... 8

१.११ सुचना, शिक्षा र संचार रणनीतिका बिशिष्ट उद्देश्यहरु ... 8

परिच्छेद-२ ... 10

सूचना, शिक्षा तथा संचार रणनीतिका मुख्य पक्षहरु ... 10

२.१.संचार रणनीतिका माग पक्षहरु (Demand Side) ... 10

२.१.१ संचार रणनीतिका माग पक्षका (Demand Side) लक्षित समुहहरु ... 10

२.१.२ सुचना, शिक्षा र सञ्चार रणनीतिका माग पक्षका लक्षित समुह बिशेषका उद्देश्य तथा अपेक्षित नतिजा ... 12

२.२ सुचना, शिक्षा र सञ्चार रणनीतिको आपूर्ति पक्ष (Supply Side) ... 16

२.२.१ सुचना, शिक्षा र सञ्चार रणनीतिका आपूर्ति पक्षका लक्षित समुहहरु ... 16

२.२.२ सुचना, शिक्षा र सञ्चार रणनीतिका आपूर्ति पक्षका आवश्यकता र चुनौतीहरु ... 17

२.२.३ आपूर्ति पक्ष (Supply Side)सूचना प्रवाहको आवश्यकता पुरा गर्न अपनाइने क्रियाकलापहरु ... 17

२.२.४ सूचना, शिक्षा तथा संचार रणनीतिका आपूर्ति पक्षका लक्षित समूह बिशेषका उद्देश्य तथा अपेक्षित नतिजा ... 18

परिच्छेद-३ ... 21

सूचना, शिक्षा तथा संचार रणनीति अन्तर्गतका प्रमुख क्रियाकलापहरु ... 21

३.१ सूचना, शिक्षा तथा संचार रणनीति अन्तर्गतका प्रमुख क्रियाकलापहरु ... 21

३.२ बिभिन्न आमसंचार तथा अन्य संचार माध्यम प्रयोग रणनीति ... 22

३.३ सूचना, शिक्षा तथा संचार रणनीति कार्यान्वयन संयन्त्र ... 25

परिच्छेद-४ ... 26

विविध ... 26

४.१ सूचना तथा संदेश उत्पादन ... 26

४.२ सुचना, शिक्षा तथा संचार सामाग्री तयारीको guidelines तथा खरीद योजनाको ToR ... 26

४.३ प्रचार सामाग्री बितरणको व्यवस्था ........ 27

४.४ प्रचार सामाग्री बितरण रणनीति........ 27

४.५ संदेश सामाग्री छनौट तथा संप्रेषण रणनीति........ 29

४.६ समग्र सुचना तथा संदेशहरुको वर्गीकरण ........ 29

४.७ सुचना, शिक्षा र संचार संदेशका अपिल [Appeal] रणनीतिहरु ........ 30

४.९ सुचना, शिक्षा र संचार रणनीति अन्तर्गत केन्द्र तथा जिल्ला तहमा संचालन गरिने क्रियाकलापहरु........ 33

४.१० समयतालिका सहितको कार्ययोजना माग (Demand Side) तथा पुर्ति पक्ष (Supply Side)........ 38

४.११ सूचना, शिक्षा र संचार रणनीति २०७२ को कार्यान्वयन अवधि ........ 40

४.१२ कार्य सम्पादनका लक्ष्यहरु प्राप्तिको अनुगमन तथा मुल्यांकन ........ 40

४.१२.१ आन्तरिक अनुगमनका मापदण्डहरु ........ 40

४.१२.२ कार्यक्रमहरुको मुल्यांकन ........ 41

# परिच्छेद-१

# परिचय

## १.१ परिचय

नेपालका सरकारी कार्यालयहरु मध्ये सबैभन्दा बढी प्रत्यक्ष जनसरोकार राख्ने मन्त्रालयको रुपमा संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय रहेको छ । तर प्रभावकारी सूचना तथा संचार रणनीतिको अभावमा जनताले यस मन्त्रालयबाट प्राप्त गर्ने सेवा तथा सुविधाहरु सहजरुपमा प्राप्त गर्न सकिरहेका छैनन् । यसका अतिरिक्त जिल्ला तथा गाउँतहका स्थानीय निकायहरुमा कार्यरत अधिकारीहरुमा समेत नीति तथा निर्देशन पर्याप्त जानकारी नहुदा सेवा प्रवाहमा समस्या देखापरेको अवस्था छ । यिनै कुराहरुलाई मनन गर्दै संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको सूचना, शिक्षा तथा संचार रणनीति, २०७२ तयार पारिएको हो । यो रणनीतिले मन्त्रालयको सूचना, शिक्षा तथा संचारको समग्र पक्षहरुको बिश्लेषण गरी यसका माग तथा आपुर्ति पक्षका छुट्टा छुट्टै लक्षित समुह निर्धारण गरी तिनीहरुको सूचना, शिक्षा तथा संचार आवश्यकतालाई फरक फरक ढंगले सम्बोधन गर्ने प्रयास गरेको छ ।

यो रणनीतिको पहिलो खण्डमा पृष्ठभूमी, सूचना, शिक्षा तथा संचार रणनीतिको आवश्यकता, बिगतको रणनीतिको समीक्षा, संचार रणनीतिको महत्व, मन्त्रालयको सबल तथा दुर्बल पक्ष लगायतको बिश्लेषण गरिएको छ । स्थानीय शासन सुधारमा ICT को प्रयोगको संभावना र चुनौति, रणनीति तयारीका सीमाहरु तथा रणनीतिका समग्र तथा बिशिष्ट उद्देश्यको बारेमा समेत पहिलो खण्डमा चर्चा गरिएको छ। त्यस्तैगरी रणनीतिको दोस्रो खण्डमा लक्षित समुहलाई माग तथा आपूर्ति पक्षमा माग पक्षको सूचना तथा संदेशको आवश्यकतालाई बिश्लेषण गरी यो समुहका लक्षित उद्देश्य तथा अपेक्षित नतिजाको बारेमा चर्चा गरिएको छ। यो रणनीतिको तेस्रो खण्डमा आपूर्ति पक्षका लक्षित समुहहरु, तिनीहरुको सूचना तथा संचारको आवश्यकता तथा चुनौति र आपूर्ति पक्षका लक्षित समुहका सूचना तथा संदेश पुरा गर्न अपनाइने बिभिन्न क्रियाकलापहरुको बारेमा बिस्तृतमा उल्लेख गरिएको छ । यस पछाडिका खण्डहरुमा संचार रणनीति कार्यान्वयन संयन्त्र, सूचना तथा संदेश उत्पादन, प्रचार सामाग्री बितरण प्रणाली लगायतको बारेमा चर्चा गरिएको छ ।

यसका अतिरिक्त केन्द्र तथा जिल्लातहबाट संचालन गरिने बिभिन्न क्रियाकलापहरुको बर्गीकरण गरी समय तालिका सहितको माग तथा आपूर्ति पक्षको आवश्यकता पुरा गर्नका निमित्त कार्यान्वयन योजना समेत तर्जुमा गरिएको छ । रणनीतिको अन्तिम खण्डमा कार्यसम्पादन लक्ष्यहरुको प्रगतिको अनुगमन तथा मूल्यांकनको लागि बिभिन्न मापदण्डहरु तयार अनुगमन तथा मुल्यांकनको आधारहरु तय गरिएको छ । मन्त्रालयका आवश्यक सूचना तथा संदेश प्रकाशन तथा प्रसारणगर्न आमसंचार माध्यमको सहयोग लिनु पर्ने भएकोले राष्ट्रियरुपमा प्रकाशन तथा प्रशारण भैरहेका दैनिक पत्रिका, एफ.एम. रेडियो तथा टेलिभिजनको बिज्ञापनदर मन्त्रालयले भबिष्यमा बनाउने बिज्ञापन सम्बन्धी नीतिका लागि उपयोगी सन्दर्भ सामाग्रीको रुपमा प्रयोगमा आउन सक्ने भएकोले यो रणनीतिको अनुसुचीमा समाबिष्ट गरिएको छ ।

## १.२ पृष्ठभूमि

नेपालमा सबैभन्दा वढी जनतासंग प्रत्यक्ष सरोकार राख्ने सरकारी निकाय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय हो । जन्म, मृत्यु दर्ता देखि मालपोत तिर्न, नागरिकता वा अन्य कुनै सिफारिस लिन, विवाह दर्ता गर्न, नाता प्रमाणित गर्न, घर जग्गा कर तिर्न, घर वाटोको सिफारिस लिन, नक्सा पास गर्न, बाटो, पानी, स्कूल तथा सानातिना सार्वजनिक कामका लागि आम जनताले स्थानीय निकायसंग निर्भर रहनु पर्दछ । तर प्रभावकारी सूचना तथा जानकारीको अभावमा आमजनताले ती सेवाहरु सहज रुपमा प्राप्त गर्न कठिनाई परिरहेको छ । यसले गर्दा एकातिर संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यसम्पादन अपेक्षित रुपमा प्रभावकारी हुन सकेको छैन भने अर्को तर्फ जनताको अधिकतम सहभागितामा आधारित शासन संचालन गर्ने प्रजातान्त्रिक शासन व्यवस्थाको परिकल्पना पुर्णरुपले साकार हुन सकिरहेको छैन ।

नेपालको अन्तरिम संबिधान, २०६३ ले जनताको सूचनाको अधिकार सुनिश्चत गरेको छ । यसको व्यवहारिक रुपमा कार्यान्वयन गर्न सुचनाको हक सम्बन्धी  ऐन, २०६४ जारी भई सुचना आयोगको समेत स्थापना भइसकेको छ । संबिधान प्रदत्त जनताको उक्त अधिकारको सम्मान गर्दै उनीहरुलाई सार्वजनिक सरोकारका बिषयमा जानकारी दिन समेत मन्त्रालयको छुट्टै सूचना, शिक्षा र संचार रणनीतिको आवश्यकता महशुस गरिएको छ । यसले जनतालाई स्थानीय शासनका बारेमा जागरुक बनाई सम्बधित अधिकारीहरुलाई माथिल्लो तहदेखिनै उत्तरदायी बनाउन समेत मद्दत गर्दछ । मन्त्रालयले पहिलो चरणको स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम अन्तर्गत लागु गरेको सूचना, शिक्षा र संचार रणनीति अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको सन्दर्भमा उक्त रणनीतिका कमी कमजोरीहरु हटाई यो नयाँ रणनीति तयार पारिएको हो । यो रणनीतिले मन्त्रालयका समग्र लक्ष्य तथा प्राथमिकता पूरा गर्ने ढंगले आवश्यक सूचना तथा संदेशहरु तयार पारी उपयुक्त संचार माध्यम मार्फत प्रकाशन तथा प्रसारण गर्ने उद्देश्य यो रणनीतिले राखेको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले जनताको अधिकतम सहभागितामा स्थानीय शासन व्यवस्था संचालन गर्ने लक्ष्य लिएको छ । उक्त लक्ष्य पुर्णरुपले सफल पार्न समेत प्रभावकारी सूचना, शिक्षा र संचार रणनीति आवश्यक रहेको छ । यसका अतिरिक्त पछिल्लो समयमा सुशासनको अवधारणाको बिकाससगै बिद्युतीय शासनको प्रयोग बढ्दो छ । जनतालाई सार्बजनिक सेवा छिटो, छरितो र झन्झट रहित ढंगले प्रदान गरी सुशासन स्थापना गर्न अपनाइएको बिद्युतीय शासनको कार्यान्वयन नगरी रहन नेपाल पनि सक्दैन । देशैभरि एकैपटक बिद्युतीय शासन कार्यान्वयनमा ल्याउने अवस्था अहिले नभए पनि संभव भएका जिल्ला तथा स्थानहरुबाट यसको क्रमश: कार्यान्वयन गर्दै लैजानु आजको आवश्यकता रहेको छ । संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले पनि बिद्युतीय शासनको अवधारणालाई आत्मसात गर्दै सुचना प्रबिधीको प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन जोड दिइरहेको सन्दर्भमा यो सूचना, शिक्षा र संचार रणनीति तयार पारिएको हो ।

## १.३ सुचना, शिक्षा र सञ्चार रणनीतिको आवश्यकता

जनताका दैनिक सरोकारका अधिकांश सरकारी कामहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका महाशाखा, परियोजना, जि.वि.स., महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउ“ विकास समिति तथा अन्य कार्यालयमा पर्ने हुँदा यो मन्त्रालयको काम कारवाहीले हरेक दिन हरेक क्षण

जनतालाई सरकारको सेवा प्रभावकारी भए नभएको आभास दिइरहेको हुन्छ । त्यसैले तत्कालका लागि मन्त्रालय र मातहतका स्थानीय निकायहरुका काम कारवाही र सेवा प्रवाहवारे जनतालाई जानकारी गराउने र उनीहरुको प्रतिकृया लिन तात्कालीन रणनीति बनाउन आवश्यक छ । त्यसै गरी दीर्घकालीन रुपमा त्यसको अनुगमन गर्ने कामका लागि नागरिक समाजलाई शसक्त बनाउने र आम सञ्चार माध्यमले अनुगमन गरिरहने वातावरण बनाउन समेत उत्तिकै जरुरी छ । अग्रपंक्तिमा रहने सेवा प्रदायकहरुलाई रणनैतिक संचार मार्फत मन्त्रालयका सुचनाहरुको प्रचार प्रसार गर्ने तथा संबिधान प्रदत्त जनताको सुचनाको हकको अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वययन गर्न पनि सुचना, शिक्षा तथा संचार रणनीति आवश्यक रहेको छ ।

मन्त्रालयले स्थानीय शासनमा सुधार तथा सामुदायिक बिकासका माध्यमबाट गरीबि निवारणमा योगदान पुऱ्याउने लक्ष्यका साथ स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम लागु गरेको हो । पहिलो चरणको उक्त कार्यक्रमको समाप्ति पश्चात दोस्रो चरणमा(२०१३/१४-२०१६/१७) स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम लागु गरेको परिप्रेक्ष्यमा समेत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको छुट्टै रणनीतिको आवश्यकता महशुस गरिएको छ । यो कार्यक्रमले स्थानीय शासन तथा अन्य कार्यक्रम क्षेत्रका क्रियाकलाप मार्फत स्थानीय शासन व्यवस्थामा सुधार ल्याउने लक्ष्य राखेको छ । यस अन्तर्गत महिला, केटाकेटी तथा अन्य पिछडिएका समुदायहरुलाई बिकेन्द्रिकृत स्थानीय शासन प्रणालीको सबलीकरण, सामुदायिक बिकास, भौतिक पुर्वाधारहरुको बिकास, आर्थिक बिकास तथा एकीकृत सेवा प्रवाह लगायत प्रयासहरु रहेका छन । तर कार्यक्रमका यी लक्ष्यहरु प्राप्त गर्न लक्षित समुदायको सक्रिय सहभागिता नभई सम्भव नहुने भएकोले एक प्रभावकारी सुचना, शिक्षा र सञ्चार रणनीतिको आवश्यकता रहेको छ ।

## १.४ बिगतको सुचना, शिक्षा र सञ्चार रणनीतिको समीक्षा

संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको छुट्टै सुचना, शिक्षा र सञ्चार रणनीति हालसम्म बनाइएको छैन । तथापी स्थानीय तहमा निर्बाचित जनप्रतिनिधि नभएको अवस्थालाई दृष्टिगत गरी सरकार तथा जनताबीच सेतुको रुपमा काम गर्नको लागि लागु गरिएको पहिलो चरणको स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रमले एक सुचना, शिक्षा र सञ्चार रणनीतिको अवधारणा कार्यान्वयनमा ल्याएको थियो । तथापि स्थानीय स्तरमा संचालन गरिने सुचना, शिक्षा र सञ्चार कृयाकलापको कमी तथा यसको कार्यान्वयनका लागि पुर्णरुपले खटिने जनशक्तिको अभाव जस्ता बिबिध कारणहरुले उक्त रणनीतिले अपेक्षित परिणाम ल्याउन सकेन । सीमित रुपमा स्थानीय स्तरमा संचालित सुचना, शिक्षा र सञ्चार कृयाकलापहरु पनि आवश्यक अनुगमन तथा मुल्यांकनको अभावमा प्रभावकारी हुन सकेनन् । साथै स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम तथा मन्त्रालयबीच सुचना तथा संचार सम्बन्धी काममा उचित समन्वय हुन नसक्दा कतिपय बाहिर आउनुपर्ने सुचनाहरु समेत आमसंचार माध्यममा आइपुगेनन् । स्थानीय बिकास मन्त्रालय अन्तर्गतका महत्वपुर्ण गतिबिधिहरुमा समेत आम संचार माध्यमको चासो कम देखिनु तथा देशका ठुला संचार गृहले समेत अझै स्थानीय बिकास मन्त्रालय जस्तो महत्वपुर्ण मन्त्रालयको गतिबिधिहरु हेर्न छुट्टै बिट स्थापना नगरेको अवस्थाले मन्त्रालय आवश्यक सुचना, शिक्षा र सञ्चारको प्रवाहमा कमजोर रहेको कुरालाई पुष्टि गरेको छ । यसर्थ स्थानीय बिकास मन्त्रालयका आफ्ना कृयाकलापहरु तथा स्थानीय स्वायत्त शासनको बारेमा सर्बसाधारण जनतालाई जानकारी दिई स्थानीय शासनमा उनीहरुको अधिकतम सहभागिता

जुटाउनका लागि एउटा छुट्टै सुचना, शिक्षा र सञ्चार रणनीति अबलम्बन गर्नु पर्ने आवश्यकता रहेको छ ।

## १.५ समग्र सुचना, शिक्षा र संचार रणनीतिको महत्व

यौ संचार नीतिले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका काम कारवाहीमा जनताको अधिकतम सहभागिता जुटाउन सहयोग पुऱ्याइ सहभागितामुलक शासन व्यवस्था स्थापना गर्न मद्दत पुग्नेछ । यसले स्थानीय निकायको सम्पूर्ण क्रियाकलापमा पारदर्शिता कायम गर्न, स्थानीय निकायलाई स्थानीय जनताप्रति उत्तरदायी बनाउन तथा स्थानीय निकाय, गैह्र सरकारी संस्था, बिषयगत कार्यालय तथा अन्य निकायको शासन विधिमा स्थानीय जनताको भूमिका, अधिकार र उत्तरदायित्व प्रबर्द्धन गर्न पनि उत्तिकै सहयोग पुऱ्याउनेछ ।

## १.६ स्थानीय बिकास मन्त्रालयको संचार रणनीति सम्बन्धी सबल तथा कमजोर पक्ष, अवसर र चुनौतीको बिश्लेषण

यो सुचना, शिक्षा र संचार रणनीतिको मुख्य उद्देश्य मुख्यत: मन्त्रालय र स्थानीय निकायबाट भए गरेका कार्यहरुलाई सार्वजनिक गर्ने र संचार माध्यमको प्रत्यक्ष संलग्नतामा पारदर्शिता र उत्तरदायित्वको जगेर्ना गर्नु हो । नेपालको अन्तरिम संबिधानले सुचनाको हकको संबैधानिक ग्यारेन्टी गरी उक्त हकको सम्बर्धन गर्न सरकारले सुचना आयोगको गठन गरिसकेको भएतापनि सार्बजनिक सरोकारका बिषयका सुचनाहरु अझै पनि सहज बन्न सकेका छैनन् । एकातर्फ सर्बसाधारण सेवाग्रहीहरु सूचनाको अधिकारप्रति जागरुक भइनसकेको अवस्था छ भने अर्कोतर्फ प्रसारण तथा प्रकाशन गरिएका सुचना तथा संदेशहरु भाषिक तथा शैक्षिक कारणले बुझ्न नसकेको अवस्था छ । यसर्थ सार्बजनिक सेवा प्रदायक आफैले पहल गरेर आवश्यक सुचना तथा संदेशहरु उपयुक्त संचारमाध्यम तथा भाषाका माध्यमबाट मार्फत सेवाग्राही समक्ष पुऱ्याउनु पर्ने आवश्यकता छ । बिभिन्न बर्ग, उमेर, भाषिक समुदाय लगायतका समुहहरुको आ-आफ्ना खालका संचार आवश्यकता रहने हुँदा सो कुरालाई समेत ध्यानमा राखेर संचार रणनीति अन्तर्गतका क्रियाकलापहरु तय गर्नु पनि उत्तिकै जरुरी छ ।

संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय मात्र एक त्यस्तो मन्त्रालय हो जसको गाउँ तहसम्म आफ्नो बलियो उपस्थिति रहेको छ । मन्त्रालयका निर्दिष्ट उद्देश्यहरु प्रष्ट छन भने संचार रणनीति तयार पारी कार्यान्वयन गर्न आवश्यक जनशक्ति तथा आर्थिक श्रोत समेत मन्त्रालयसँग पर्याप्त मात्रामा उपलब्ध छ । पछिल्लो राजनैतिक परिवर्तन सगै भएको दशक लामो माओबादी द्वन्दको शान्तिपुर्ण समाधान पश्चात दाता राष्ट्रहरुको समेत स्थानीय शासनको क्षेत्रमा चासो बढ्दो छ । यसका अतिरिक्त मन्त्रालयमा छुट्टै सूचना शाखा मौजुद छ भने जिल्ला तहमा समेत छुट्टै सूचना शाखा तथा सूचना अधिकृतहरु कार्यरत रहेको अवस्था छ ।

प्रभावकारी संचार रणनीतिका माध्यमबाट स्थानीय शासन तथा सामुदायिक बिकास तर्फ मुलुकलाई डोऱ्याउने तथा प्रभावकारी शासन प्रणाली तथा संयन्त्र स्थापना गर्ने अवसर मन्त्रालयलाइ भएतापनि बिभिन्न सरकारी निकायहरुबीच अपेक्षित समन्वयको अभाव, अपर्याप्त दण्ड तथा सजायको व्यवस्था, संचारप्रवाह गर्न आवश्यक पुर्वाधारको कमी तथा अधिक प्रक्रियामुखी कार्यबिधी जस्ता केही कमजोर पक्षहरु पनि रहेका छन् ।

देशमा जारी राजनैतिक संक्रमण, द्वन्दबाट पुर्णरुपले बाहिर ननिस्किसकेको अवस्था तथा बिगत डेढ दशकदेखि स्थानीय निकायमा निर्बाचित जनप्रतिनिधि नभएको अवस्थाले सुचना, शिक्षा र सञ्चार रणनीतिको प्रभावकारी कार्यान्वयनमा चुनौति थप्ने देखिन्छ । मन्त्रालय तथा यस अन्तर्गत संचालित कार्यक्रमहरुका अपेक्षित लक्ष्य तथा उद्देश्य पुरा गर्न यी सबै अवसर तथा चुनौतिलाई ध्यानमा राखी उपयुक्त  संचार रणनीति बनाउनु जरुरी छ ।

## १.७ स्थानीय शासन सुधारको लागि ICT प्रयोगको संभावना तथा चुनौतीहरु

पछिल्लो समयमा बिकसित सुचना तथा संचार प्रबिधीले मानव जीवनका हरेक पक्षहरुमा आमुल परिवर्तन ल्याइदिएका छन् । बिश्वका धैरै देशहरुले शासकीय सुधार अन्तर्गत सार्वजनिक सेवा प्रवाहमा सुचना तथा संचार प्रबिधीको प्रयोग गरी सुशासन कायम गर्ने प्रयास गरेका छन् । नेपाल पनि यसबाट अछुतो रहन सक्दैन । सेवाग्राहीलाइ छिटो, छरितो तथा झन्झटरहित सेवा प्रदान गरी सुशासन स्थापना गर्न पछिल्लो समयमा बिकसित सुचना तथा संचार प्रबिधीको उपयोग अनिवार्य छ । वास्तवमा पछिल्लो समयमा आएको संघीयताको माग पनि छिटो, छरितो तथा झन्झटरहित सार्वजनिक सेवा प्राप्तिसँग जोडिएको छ । बिद्युत तथा इन्टरनेट सुबिधाको पहुँच ग्रामीण तहसम्म पुगिसकेको सन्दर्भमा स्थानीय शासन सुधारको लागि समेत सुचना तथा संचार प्रबिधी प्रयोगको संभावना बढेर गएको छ । स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम अन्तर्गत प्रत्येक जिल्लामा नियुक्त गरिएका IT volunteers यसको कार्यान्वयनको लागि सहयोगी बन्न सक्ने अवस्था छ । तथापि पर्याप्त प्राबिधिक जनशक्ति तथा निरन्तर बिद्युत सेवाको अभाव तथा नीति निर्माताको दृढ इच्छाशक्ति तथा प्रतिबद्धताको कमी जस्ता कुराहरु स्थानीय शासन सुधारमा सुचना तथा संचार प्रबिधीको प्रयोगमा देखिएका चुनौतिका रुपमा रहेका छन् ।

## १.८ रणनीति तयारीका सीमाहरु

यो रणनीति मुख्यत:स्थानीय बिकास मन्त्रालयका सम्बन्धित अधिकारी तथा बिभिन्न सरोकारवालाहरुसँगको छलफल र मन्त्रालयका कामहरुको प्रकृति अध्ययन गरी तयार पारिएको हो । संघीय संरचनामा जाने भनिएतापनि भावी संघीय स्वरुप कस्तो हुने भन्ने कुरा अझै टुंगो लागि नसकेको सन्दर्भमा यो रणनीति त्यतातर्फ पर्याप्त ध्यान दिन सकेको छैन । यो रणनीति मन्त्रालयका जिल्ला तथा गाउँ तहका इकाइहरु यो रणनीतिले परिलक्षित गरेका कृयाकलाप कार्यान्वयन गर्न संस्थागतरुपमा सक्षम तथा सकारात्मक छन भन्ने बिश्लेषणका आधारमा तयार पारिएको हो ।  छोटो समयमा यो रणनीति तयार पार्नु परेकोले स्थानीय तहका यी सबै पक्षहरुको गहन अध्ययन गर्न संभव भएन ।

## १.९ सुचना, शिक्षा र संचार रणनीतिका सिद्धान्तहरु

यो सुचना, शिक्षा र संचार रणनीतिका सिद्धान्तहरु देहाय बमोजिम हुनेछन् ।

- नेपालको अन्तरिम संविधान, २०६३ ले ग्यारेन्टी गरेको जनताको सूचनाको हकको प्रत्याभूत गर्ने,
- जनताको लोकतन्त्रप्रतिको प्रतिबद्धतालाई प्रबर्धन गर्दै स्थानीय स्वायत्त शासन ऐनले परिकल्पना गरेको बिकेन्द्रिकरणको अवधारणालाई थप प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुर्याउने,
- स्थानीय शासनमा पारदर्शिता, जवाफदेहिता तथा सुशासन अभिबृद्धि गर्ने,

- बिद्युतीय शासनको अवधारणालाई आत्मसात गर्दै सुशासनमा जोड दिने,
- स्थानीय शासनमा लैगिंक तथा सामाजिक समावेशीकरणप्रतिको संबेदनशीलता बढाउने,
- स्थानीय भाषाको प्रयोगलाई जोड दिदै स्थानीय प्रशासन तथा नीति निर्माण तहमा जनताको अधिकतम सहभागिता सुनिश्चित गर्ने,
- स्थानीय संचार माध्यमलाई प्राथमिकता दिदै तिनीहरुलाई आत्मनिर्भर बनाई सुशासनको पहरेदार बनाउने,
- अग्रपंक्तिमा रहने सेवा प्रदायकहरुलाई नीति, रणनीति तथा कार्यनीतिबारे स्पष्ट जानकारी गराउने,
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ को बारेमा जानकारी दिलाई सबै बर्ग, जाति र क्षेत्रका जनतालाई स्थानीय शासनमा समान रुपमा भाग लिन उत्प्रेरित गर्ने ।

## १.१० सुचना, शिक्षा र संचार रणनीतिको समग्र उद्देश्य

नेपालको अन्तरिम संबिधान, २०६३ ले जनताको सुचनाको हकको प्रत्याभुति दिलाएको छ । यो हकलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउन सुचनाको अधिकार ऐनको तर्जुमाका साथै सुचना आयोगको स्थापना समेत गरिएको अवस्था छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संचार रणनीति, २०७१ को मुख्य उद्देश्य उक्त संवैधानिक अधिकारको सम्मान गर्दै संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय अन्तर्गत भएका काम कारवाहिको प्रभावकारी प्रचार प्रसार गर्ने तथा सार्वजनिक संचार माध्यमहरुको अधिकतम परिचालन गरी सूचना, शिक्षा, संचार पैरवी तथा जनताका आचार, व्यवहार परिवर्तन गर्ने किसिमका संचार सामाग्री प्रसारण तथा प्रकाशन मार्फत मन्त्रालय तथा यस अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवा सुविधाहरुबारे जनतालाई जानकार बनाउनु रहेको छ । यसबाट जनउत्तरदायी स्थानीय शासन स्थापना गर्न सहयोग पुग्ने अपेक्षा रहेको छ । हाल मन्त्रालय अन्तर्गत ७ महाशाखा र २३ शाखा रहेका छन् । यी प्रत्येक महाशाखा तथा शाखाहरुका आफ्ना आफ्नै खालका सुचना तथा संचार आवश्यकताहरु रहेको सन्दर्भमा सोही अनुरुपको संचार रणनीति अबलम्बन गरी जनतालाई सहजरुपमा सेवा सुविधा उपलब्ध गराउने वातावरण निर्माण गर्नुका साथै स्थानीय प्रशासनमा जनताको अधिकतम सहभागिता जुटाउनु पनि रणनीतिको उद्देश्य हुनेछ ।

## १.११ सुचना, शिक्षा र संचार रणनीतिका बिशिष्ट उद्देश्यहरु

यो रणनीतिले आम संचारका बिभिन्न माध्यमहरु, स्थानीय निकाय, नागरिक समाज लगायत अन्य सरोकारवालाका माध्यमबाट बिभिन्न लक्षित समुहहरुको सुचनाको आवश्यकता पुरा गर्ने खालका सुचना तथा संदेशहरुको संप्रेशण मार्फत देहाय बमोजिमका बिशिष्ट उद्देश्यहरु पुरा गर्ने लक्ष्य राखेको छ ।

- मन्त्रालयले गरेका काम कारवाही सम्बन्धमा नागरिकको सुचनाको हकको सुनिश्चितता गरी पारदर्शीता र जबाफदेहितामा अभिबृद्धि गर्ने,
- सघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा, सुबिधाका बारेमा जनतालाई सुसूचित गर्ने,

- अग्रपंक्तिमा रहने सेवा प्रदान गर्ने निकाय तथा पदाधिकारीमा नीति, रणनीति तथा कार्यनीतिबारेमा स्पष्टता ल्याउने,
- नागरिक खासगरी महिला, अपांग, पछाडि रहेका, ज्येष्ठ नागरिक लगायतलाई स्थानीय स्वायत्त शासनको महत्व बुझाई स्थानीय शासनमा नागरिकको सहभागिता बृद्धि गर्ने,
- संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सार्बजनिक सेवा, सुबिधाहरु  छिटो, छरितो तथा झन्झट  रहित तरिकाले प्रदान गर्ने वातावरण तयार गरी जनताको लोकतन्त्रप्रतिको प्रतिबद्धता अभिबृद्धि गर्दै बिकेन्द्रिकरणको अवधारणा साकार पार्ने ।
- संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले लागु गरेको  वातावरणमैत्री स्थानीय शासनको बारेमा जनतालाई बिभिन्न संचार माध्यम मार्फत प्रचार सामाग्री तथा संदेश प्रवाहबाट जानकारी दिई त्यसको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुर्याउने ।
- बिद्युतिय शासनलाई प्रबर्द्धन गरी जनताले अपनाउनुपर्ने प्रक्रियाबारे जानकारी दिइ छिटो छरितो सेवा सुविधा प्राप्त गर्ने अवस्था श्रृजना गर्ने।

परिच्छेद-२

## सूचना, शिक्षा तथा संचार रणनीतिका मुख्य पक्षहरु

यो रणनीतिमा सुचना, शिक्षा तथा संचारका माग तथा पूर्ति पक्षका आवश्यकतालाइ पहिचान गरी तिनीहरुका आवश्यकतालाई कसरी सम्बोधन गर्ने भनी माग तथा आपूर्ति पक्षलाई दुइ छुट्टा छुट्टै भागमा प्रस्तुत गरिएको छ । यो रणनीति अन्तर्गत सूचना, शिक्षा तथा संचारलाई मागमा आधारित र आपुर्तिमा आधारित गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

### २.१.संचार रणनीतिका माग पक्षहरु (Demand Side)

माग पक्ष भन्नाले जनता, नागरिक समाज तथा अन्य निकाय वा व्यक्तिले नेपाल सरकारसंग बेलाबेलामा माग गरेका सुचना प्रवाह गर्नुलाई मागमा आधारित सूचना प्रवाह भनिन्छ। यस्ता मागहरु संगठित रुपमा मात्रै नभै अनौपचारिक रुपमा विभिन्न माध्यमबाट तथा स्रोतबाट पनि आउन सक्दछन् । यो सुचना, शिक्षा र सञ्चार रणनीतिका माग पक्षहरु देहाय बमोजिम रहनेछन् ।

### २.१.१ संचार रणनीतिका माग पक्षका (Demand Side) लक्षित समुहहरु

यो रणनीतिले फरक फरक लक्षित वर्गका लागि फरक फरक सुचना, शिक्षा तथा संचार आवश्यकता हुन्छन भन्ने कुरालाई आत्मसात गरेको छ। यसले निम्न वर्गलाई आफ्नो लक्षित समुहको रुपमा स्वीकार गरेको छ।

**क. आम सर्वसाधारण**

सबै सुचना तथा संदेशलाई तटस्थ रुपमा बुझ्ने सबै मानिसहरु यो लक्षित समुहमा पर्दछन। सबै तह र तप्काका जनताको यो समुहले सामान्य सुचना तथा संदेशको मर्मलाई सजिलै ग्रहण गर्न सक्दछन्।

**ख. महिला**

लक्षित समुहहरुका फरक किसिमका अवस्थिति, पहुच, बुझाई तथा सांस्कृतिक मुल्य मान्यताका कारण एउटै खालका सुचना तथा संदेशले उनीहरुको आवश्यकता तथा चाहनाहरुलाई संबोधन गर्न सक्दैनन्। देशको जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाको स्रोत साधनको पहुंचको कमीको कारण उनीहरुमा आत्मबिश्वासको कमी, बुझाइ क्षमतामा कमी तथा बिभिन्न किसिमका सामाजिक मूल्य र मान्यतामा बाँधिएका छन । यस कारण महिलालाई लक्षित सुचना तथा संदेशलाई फरक ढंगले प्रस्तुति गर्न जरुरी छ। महिलाहरु बीचमा पनि उनीहरुको शिक्षाको स्तर, ग्रामीण क्षेत्रको बसोबास तथा उनीहरुको दुर्गम भेगको दुर्गम क्षेत्रको बसाइ तथा सुचनाको पहुचको कमीको अबस्थाले लक्षित उद्देश्य प्राप्त गर्न फरक किसिमका भाषा र सांकेतिक रुपमा सुचना तथा संदेश प्रवाह गर्नुपर्दछ।

**ग. युवा**

यो समुहमा १५ देखि ३९ बर्ष उमेरसम्मका युवायुवती पर्दछन् । सुचना प्रविधीको तीव्र बिकासका साथै भुमण्डलिकरणको प्रभावसंगै युवाहरुको रुची र स्वभाव परिवर्तन हुदै गएको छ। लक्षित सुचना तथा संदेश उनीहरु समक्ष प्रभावकारी रुपमा पुऱ्याउन पछिल्ला सुचना प्रविधीमा आधारित रहनुपर्ने

देखिन्छ। शहरमा तथा गाउँमा बस्ने युवायुवतीको सूचनाको पहुँच तथा शैक्षिक स्तरको कारण सुचना तथा संदेशलाई ग्रहण गर्ने क्षमता एउटै किसिमको नभएकोले मन्त्रालयले अपनाउने सुचना तथा संचार रणनीति फरक हुन जरुरी छ।

### घ. बालबालिका

यो समुहमा १५ भन्दा कम उमेर समुहका केटाकेटी पर्दछन्। स्थानीय स्तरमा नागरिक सचेतनाका माध्यमबाट अधिक भन्दा अधिक जनतालाई सरकार संचालन प्रक्रियामा सहभागी गराउन जरुरी छ। सानै देखि बालबालिकाहरुलाई नागरिक शिक्षाको माध्यमबाट सकारात्मक आचार बिचार सिकाउने तथा स्थानीय प्रशासनको काम कर्तब्य तथा उनीहरुले दिने सेवा सुबिधाको बारेमा जानकारी दिएको खण्डमा यसले समग्र स्थानीय प्रशासनको काम कारवाहीमा सकारात्मक परिबर्तन ल्याउन सहयोग पुर्याउने देखिन्छ।

### ङ. ज्येष्ठ नागरिक

यो समुहमा सामान्यतया ६० बर्ष भन्दा माथिका उमेर समुहका मानिसहरु पर्दछन। घरका जेष्ठ सदस्यहरुले भनेको परिवारका अधिकांश सदस्यहरुले सामान्यतया मान्ने भएकोले उनीहरुलाई स्थानीय शासनका बारेमा जानकारीका साथै उनीहरुले प्राप्त गर्ने सेवासुबिधाहरुको बारेमा समेत जानकारी गराउँदा समग्र स्थानीय प्रशासनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। तर यसका लागि ज्येष्ठ नागरिकहरुले सहज रुपमा बुझ्न सक्ने प्रभावकारी सुचना तथा संदेश प्रवाहित गर्नु जरुरी छ।

### च.आदिबासी जनजाति, मधेसी, दलित तथा अन्य पिछडिएका समुदायहरु

यी समुहका मानिसहरुको आफ्नै छुट्टै किसिमको भाषा, संस्कृति, लवाइखवाई तथा रीतिरिवाज छन्। उनीहरु समक्ष प्रभावकारी रुपमा सुचना तथा संदेश पुर्याउन उनीहरुको सामाजिक सांस्कृतिक मुल्य मान्यतामा आधारित भएर सुचना तथा संदेश प्रवाहित गर्नुपर्दछ। यो समुहमा अशिक्षित समुहको संख्या पनि उत्तिकै ठुलो भएकोले प्रवाह गरिने सुचना तथा संदेश अत्यन्त सरल हुन जरुरी छ। यसका अतिरिक्त अन्य पिछडिएका बर्गको मुद्दाहरुलाई पनि उचित रुपले संबोधन गर्न सोही अनुरुपको सुचना, शिक्षा र संचार रणनीति अपनाउनु पर्ने हुन्छ।

### छ.अपांग

सन २०११ मा गरिएको राष्ट्रिय जनगणना अनूसार नेपालमा १.९४ प्रतिशत अपांगता भएका मानिसहरु भएको देखाइएको छ। शारीरिक बिशिष्ट अवस्थाको कारण उनीहरुलाइ फरक प्रकारको सुचना तथा संदेशको आवश्यकता पर्ने मात्र नभई त्यस्ता सुचना तथा संदेशको प्रकाशन तथा प्रशारण माध्यमहरु समेत फरक हुन जरुरी छ।

**ज. स्थानीय निकाय**

मन्त्रालय तथा जिल्ला बिकास समिति, नगरपालिका तथा गाउँ विकास समिति तहमा कार्यरत कर्मचारीहरु जनताको सुचनाको अधिकारप्रति संबेदनशील नभएको गुनासो एकातिर रहेको छ भने अर्कोतिर सहज सेवा प्रवाह पनि नभएको गुनासो पनि उत्तिकै रहदै आएको छ । स्थानीय निकायमा कार्यरत कर्मचारीहरुलाई आफ्नो कर्तव्य तथा जिम्मेवारी, मन्त्रालयले लागु गरेको स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम (२०१३/१४-२०१६/१७) तथा जनताको सुचनाको अधिकारबारे समेत जानकार गराउन उपयुक्त संचार रणनीति अपनाउन जरुरी देखिन्छ । उनीहरुलाई आफ्ना काम, कर्तव्य, स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु, मन्त्रालयले लागु गरेको दोस्रो चरणको स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम(२०१३/१४-२०१६/१७) तथा जनताको सुचनाको अधिकार लगायतका बारेमा जानकारी दिएको खण्डमा स्थानीय शासनलाई थप जनउत्तरदायी बनाउन सकिने देखिन्छ ।

**झ. बुद्धिजीवि, नागरिक समाज तथा पत्रकार**

बुद्धिजीवि, नागरिक समाज तथा पत्रकारहरुले चेतना अभिबृद्धि तथा स्थानीय बिकास र सामुदायिक परिचालनमा महत्वपुर्ण भुमिका खेल्दछन् । उनीहरुलाई समेत लक्षित गरी आवश्यक सुचना तथा सन्देशहरु प्रवाहित गर्ने तथा प्रत्यक्षरुपमा सुचना, शिक्षा र संचार रणनीति अन्तर्गतका कृयाकलापमा संलग्न गर्न सकेको खण्डमा स्थानीय शासनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

**ञ. बैदेशिक नियोग, विकास साझेदार तथा अन्तराष्ट्रिय निकाय**

द्वन्दोत्तर अवस्थामा रहेको नेपालको स्थानीय शासन बैदेशिक नियोग, विकास साझेदार तथा अन्तराष्ट्रिय निकायको समेत चासोको बिषय रहेको छ । मन्त्रालयले लागु गरेको स्थानीय शसन तथा सामुदायिक बिकास कार्यक्रम संचालनको लागि ठुलो रकम उपलब्ध गराएका बैदेशिक नियोग, विकास साझेदार तथा अन्तराष्ट्रिय निकायलाइ स्थानीय शासनमा भएका कृयाकलापहरुको जानकारी गराउँदा यसमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

**ट. उद्यमी, लगानीकर्ता एवं निजी क्षेत्र**

नेपालको अन्तरिम संविधान, २०६३ ले अर्थव्यवस्थाको एउटा खम्बाको रुपमा निजी क्षेत्रलाई पनि मानेको हुनाले स्थानीय शासनमा यो क्षेत्रको सहभागिता बृद्धि गरेर विकास निर्माणका गतिविधिहरु प्रभावकारीरुपमा सञ्चालन गर्न सकिने देखिन्छ ।

## २.१.२ सुचना, शिक्षा र सञ्चार रणनीतिका माग पक्षका लक्षित समुह बिशेषका उद्देश्य तथा अपेक्षित नतिजा

सुचना, शिक्षा र सञ्चार रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि लक्षित समुह बिशेषको उद्देश्यहरु तथा तिनिहरुका अपेक्षित नतिजा समेत निर्धारण गर्न जरुरी छ । यसर्थ माग पक्षका प्रत्येक लक्षित समुहका उद्देश्य तथा अपेक्षित नतिजाहरु यो रणनीतिमा पनि तय गरिएको छ । यसको बिस्तृत विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं : १

| लक्षित समुह | सूचना दिनुपर्ने कारण | कस्तो सुचना दिने | के माध्यमबाट सुचना दिने | प्रतिफल |
|---|---|---|---|---|
| **आम सर्वसाधारण** | आफ्ना हक अधिकार दावी गरी उपभोग गर्न तथा स्थानीय शासनमा सहभागिता बढाउन | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु | रेडियो, टिभि, पत्रपत्रिका, अनलाइन तथा अन्य मनोरन्जनात्मक संचार बिधि | क. आफ्ना हक अधिकारहरु दावी गरी उपभोग गर्न र कर्तव्य तथा जिम्मेवारी पुरा गर्न सक्षम हुनेछन् ।<br>ख. स्थानीय शासन व्यवस्थामा उनीहरुको सहभागिता बृद्धि हुनेछ । |
| **महिला** | राज्यको शासन व्यवस्था तथा नीति निर्माणको बारेमा जानकार बनाइ उनीहरुको सहभागिता बढाउन | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु | रेडियो, टिभि, पत्रपत्रिका, अनलाइन, स्थानीय स्तरमा स्थानीय भाषामा संचालन गरिने अन्तरक्रिया कार्यक्रम तथा सडक नाटक, दोहोरी गीत, सांकेतिक चित्र र अन्य मनोरन्जनात्मक संचार बिधिहरु | क. राज्यको शासन व्यवस्था तथा स्थानीय तहका नीति निर्माण तहमा सक्रिय सहभागिता जनाउन महिलाहरु तयार हुनेछन ।<br>ख. मन्त्रालयले प्रदान गर्ने सेवा सुविधा तथा यसका गतिबिधिको बारेमा ज्ञान अभिबृद्धि भई राज्यको शासन व्यवस्था तथा स्थानीय तहका नीति निर्माण तहमा महिलाको सहभागिता उल्लेख्य रुपमा बढ्नेछ । |
| **युवा** | स्थानीय शासन व्यवस्थामा खासै चासो नदिएका युवाहरुको सहभागिता बढाउन तथा स्थानीय तहका बिकास प्रयासमा युवाहरुको भुमिका तथा सहभागिता बढाउन | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु | रेडियो, टिभि, पत्रपत्रिका, अनलाइन, फेसबुक,ट्विटर जस्ता सामाजिक संजाल आदि | क. स्थानीय शासन व्यवस्थामा खासै चासो नदिएका युवाहरुको सहभागिता उल्लेख्य रुपमा बढ्नेछ ।<br><br>ख. स्थानीय तहका बिकास प्रयासमा युवाहरुको भुमिका तथा सहभागिता बृद्दि हुनेछ । |
| **बालबालिका** | सानै देखि बालबालिकाहरुलाई नागरिक शिक्षाको माध्यमबाट सकारात्मक आचार बिचार सिकाउने तथा स्थानीय प्रशासनको काम कर्तब्य तथा उनीहरुले दिने सेवा सुबिधाको बारेमा जानकारी दिइ समग्र स्थानीय प्रशासनको काम कारवाहीमा सकारात्मक परिबर्तन ल्याउन सहयोग | मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु तथा तिनीहरुको महत्व, बालमैत्री स्थानीय शासन आदि | रेडियो, टिभि, पत्रपत्रिका, अनलाइन तथा अन्य मनोरन्जनात्मक संचार बिधि | क. सानै उमेरदेखि बालबालिकामा स्थानीय शासनको बारेमा जानकारी भई जनताको अधिकतम सहभागितामा शासन व्यवस्था संचालन गर्ने प्रजातान्त्रिक शासन व्यवस्थाको परिकल्पना साकार हुनेछ ।<br><br>ख. बालबालिकाहरु स्थानीय शासनबारे नागरिक सचेतनाको संबाहक बन्नेछन् । |

| | | | | |
|---|---|---|---|---|
| | पुर्याउन । | | | |
| **ज्येष्ठ नागरिक** | ज्येष्ठ नागरिकहरुलाई आफुले स्थानीय बिकास मन्त्रालयबाट प्राप्त गर्ने सेवा सुबिधाबारे जानकार बनाउन तथा उनीहरु मार्फत स्थानीय शासनमा नागरिकहरुको सहभागिता बढाउन | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु तथा लक्षित समुहका लागि कार्यान्वयन गरिएका मन्त्रालयका कार्यक्रमहरु | रेडियो, टिभि, पत्रपत्रिका, अनलाइन, स्थानीय स्तरका अन्तरक्रिया कार्यक्रम तथा सडक नाटक, दोहोरी गीत, सांकेतिक, चित्रात्मक र अन्य मनोरन्जनात्मक संचार बिधिहरु | क. ज्येष्ठ नागरिकहरु आफुले स्थानीय बिकास मन्त्रालयबाट प्राप्त गर्ने सेवा सुबिधाबारे जानकार हुनेछन् ।<br>ख. ज्येष्ठ नागरिकहरुले आफ्नो घर परिवार तथा छिमेकमा स्थानीय शासन व्यवस्थाबारे जानकारी गराइ स्थानीय शासनमा नागरिकहरुको सहभागिता बढाउनेछन् । |
| **आदिबासी जनजाति, मधेसी, दलित तथा अन्य पिछडिएका समुदायहरु** | स्थानीय शासन व्यवस्थामा उनीहरुको सहभागिता बृद्धि गराउनुका साथै शासन व्यवस्थामा उनीहरुको पनि उत्तिकै भुमिका रहेको महशुस गराउन । | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु तथा लक्षित समुहका लागि कार्यान्वयन गरिएका मन्त्रालयका कार्यक्रमहरु | रेडियो, टिभि, पत्रपत्रिकामा राष्ट्रिय भाषाका अतिरिक्त स्थानीय भाषामा तयार पारिएका सामागि्र तथा सडक नाटक, स्थानीय स्तरका अन्तरकृया कार्यक्रमहरु, सांकेतिक, चित्रात्मक र अन्य मनोरन्जनात्मक संचार बिधिहरु | क.स्थानीय शासन व्यवस्थामा यो समुहको सहभागिता बृद्धि हुनेछ ।<br>ख. यी पिछडिएका बर्ग समुदायले पनि शासन व्यवस्थामा आफ्नो उत्तिकै भुमिका रहेको महशुस गर्नेछन् । |
| **अपांग** | आफ्ना हक अधिकार दावी गरी उपभोग गर्न तथा स्थानीय शासनमा सहभागिता बढाउन | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु तथा लक्षित समुहका लागि कार्यान्वयन गरिएका मन्त्रालयका कार्यक्रमहरु | रेडियो, टिभि, पत्रपत्रिकामा राष्ट्रिय भाषाका अतिरिक्त स्थानीय भाषामा तयार पारिएका श्रव्य तथा दृष्य सामाग्री तथा सडक नाटक, स्थानीय स्तरका अन्तरक्रिया कार्यक्रमहरु, सांकेतिक, चित्रात्मक र अन्य मनोरन्जनात्मक संचार बिधिहरु | क.स्थानीय शासन व्यवस्थामा यो समुहको सहभागिता बृद्धि हुनेछ । |
| **स्थानीय निकाय** | सम्बधित अधिकारीहरुलाई आफ्नो कर्तव्यको बारेमा जानकारी गराइ जनतालाई सेवा सुविधा | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा | रेडियो, टिभि, पत्रपत्रिका, आन्तरिक सचना प्रवाह प्रणाली, तालिम, सेमिनार, अध्ययन भ्रमण | क. स्थानीय निकायले प्रदान गर्ने सेवा सुविधा बितरणमा उल्लेख्य सुधार आउनेछ ।<br>ख. मन्त्रालय तथा स्थानीय निकायबीच प्रभावकारी समन्वयको |

| | | | | |
|---|---|---|---|---|
| | प्राप्त गर्न सहज वाताबरण निर्माण गर्न तथा जनताको सुचनाको हकबारे जानकार गराई पारदर्शी तथा जनताप्रति उत्तरदायी स्थानीय शासन व्यवस्थालाई प्रबर्द्धन गर्न | सुबिधाहरु,मन्त्रालयले लागु गरेका स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम(२०१३/१४-२०१६/१७) तथा जनताको सुचनाको अधिकार | | अवस्था रहनेछ । |
| **बुद्धिजीवि, नागरिक समाज तथा पत्रकार** | स्थानीय जनताको चेतना अभिबृद्दि तथा स्थानीय बिकास र सामुदायिक परिचालनमा महत्वपुर्ण भुमिका खेल्न उत्प्रेरित गराउन तथा ।<br>ख. स्थानीय शासन व्यवस्थामा जनताको सहभागिता बृद्धि गरी पारदर्शिता तथा जनउत्तरदायित्व बढाउन | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु,मन्त्रालयले लागु गरेको स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम(२०१३/१४-२०१६/१७) तथा जनताको सुचना हकको अधिकार | रेडियो, टिभि, पत्रपत्रिका, तालिम, सेमिनार,अध्ययन भ्रमण | क. जनतालाइ आफ्ना हक अधिकारहरु दावी गरी उपभोग गर्न र कर्तव्य तथा जिम्मेवारी पुरा गर्न उत्प्रेरित गर्न महत्वपुर्ण भुमिका खेल्नेछन् ।<br>ख. स्थानीय शासन व्यवस्थामा जनताको सहभागिता अभिबृद्धि गर्न सघाउनेछन् । |
| **बैदेशिक नियोग, विकास साझेदार तथा अन्तराष्ट्रिय निकाय** | आवश्यक प्राबिधिक तथा भौतिक सहयोग जुटाउन तथा स्थानीय शासनमा पारदर्शिता तथा जवाफदेहिता बढाउन मद्दत पुर्‍याउन | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले लागु गरेका दोस्रो चरणको स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम(२०१३/१४-२०१६/१७) तथा जनताको सुचनाको अधिकार अन्तर्गत गरिएका कार्यहरु | रेडियो, टिभि, पत्रपत्रिका, अन्तरक्रिया, छलफल | क. बैदेशिक नियोग, विकास साझेदार तथा अन्तराष्ट्रिय निकायबाट थप आवश्यक प्राबिधिक तथा भौतिक सहयोग जुटाउने अवस्था रहनेछ ।<br>ख.स्थानीय शासनमा पारदर्शिता तथा जवाफदेहिता बढाउन मद्दत पुग्नेछ । |
| **उद्यमी, लगानीकर्ता एवं निजी क्षेत्र** | स्थानीय शासनमा यो क्षेत्रको सहभागिता बढाई दिगो विकासमा जोड दिने । | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, मन्त्रालयले प्रदान गर्ने सेवा सुविधाहरु एवं अन्य तथ्यांकहरु | रेडियो, टिभि, पत्रपत्रिका, अन्तरक्रिया, छलफल | उद्यमी, लगानीकर्ता एवं निजी क्षेत्रको स्थानीय निकायमा सहभागिता बृद्धि भई PPP नीतिको प्रभावकारीरुपमा कार्यान्वयन हुनेछ । |

## २.२ सुचना, शिक्षा र सञ्चार रणनीतिको आपूर्ति पक्ष (Supply Side)

सुचना, शिक्षा र सञ्चार रणनीतिको आपूर्ति पक्ष अर्थात Supply Side सूचना प्रवाह भन्नाले नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा यस अन्तर्गतका स्थानीय निकायले नेपालको संघीय मामिला तथा स्थानीय विकास, विकेन्द्रिकरण, संघीयता आदि जस्ता सवालहरुमा आवश्यकता महसुस गरेका विषयहरुमा स्थानीय निकाय, सरोकारवाला तथा जनताहरुलाई सुसूचित गर्न आवश्यक लागेका साथै नागरिकको सुचनाको हक सुनिश्चित गर्न समय समयमा दिनुपर्ने सूचनाहरु प्रवाह गरिनुलाई बुझिन्छ ।

### २.२.१ सुचना, शिक्षा र सञ्चार रणनीतिका आपूर्ति पक्षका लक्षित समुहहरु

**क. केन्द्रीय तहमा रहेका मन्त्रालयका अधिकारीहरु, नीति निर्माता तथा राजनैतिक नेतृत्व**

मन्त्रालयमा रहेर नीति निर्माण गर्ने तथा कार्यान्वयनमा लैजान आवश्यक निर्देशन दिने अधिकारीहरु तथा मन्त्रालयलाई राजनैतिक रुपमा आवश्यक मार्ग दर्शन गर्ने नेतृत्वप्रति पनि संचार रणनीति लक्षित हुन जरुरी छ । सम्बन्धित राजनैतिक नेतृत्व तथा मन्त्रालयका अधिकारीहरुलाई संचार रणनीतिको एउटा पाटो बनाउन सकेको खण्डमा रणनीति कार्यान्वयनमा चाहिने आवश्यक समन्वय कायम गर्न मद्दत पुग्नुका साथै राजनैतिक तथा प्रशासनिक प्रतिबद्धता प्राप्त गर्न सहज हुनेछ ।

**ख. जिल्ला बिकास समिति, नगरपालिका तथा गाउँ बिकास समिति कार्यालयहरुमा कार्यरत अधिकारीहरु र अग्रपंतिमा रहेर काम गर्ने सेवा प्रदायकहरु**

जिल्ला तथा स्थानीय तहमा रहेर संचार रणनीति कार्यान्वयन गराउने निकायहरु जिल्ला बिकास समितिहरु, नगरपालिका तथा गाउँ बिकास समितिहरु नै हुन । यी स्थानीय निकायहरुमा कार्यरत कर्मचारीहरुलाई उनीहरुको काम, कर्तव्य तथा जिम्मेवारीका अतिरिक्त जनताको सुचनाको अधिकारको बारेमा समेत जानकार बनाउन सकेको खण्डमा यो संचार रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुग्ने देखिन्छ ।

**ग. नागरिक समाज एवं निजी क्षेत्रका प्रतिनिधिहरु, स्थानीय स्तरका राजनीतिक नेतृत्व, शिक्षक, धामी झाक्री, सामाजिक परिचालक तथा अन्य बिभिन्न माध्यमहरु**

सधै आम सर्बसाधारण जनतासँग सम्पर्कमा रहिरहने नागरिक समाज एवं निजी क्षेत्रका प्रतिनिधिहरु,, स्थानीय स्तरका राजनीतिक नेतृत्व, शिक्षक, परम्परागत उपचार पद्धतिमा संलग्न धामी झाँक्री तथा सामाजिक परिचालकहरुलाई पनि यो संचार रणनीतिको पुर्ति पक्षका लक्ष्यित समुहका रुपमा लिन सकिन्छ । नियमित अन्तरक्रिया, तालिम, छलफलका माध्यमबाट संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयका गतिबिधिहरु तथा मन्त्रालयले उपलब्ध गराउने सेवा, सुबिधा तथा तिनीहरुको महत्वबारे जानकारी दिन सकेको खण्डमा संचार रणनीतिको लक्षित उद्देश्य प्राप्त गर्न सहज हुनेछ ।

**घ. नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका संयोजकहरु**

समुदाय स्तरमा काम गरिरहेका मन्त्रालय अन्तर्गतका हाल रहेका संयन्त्र भनेका नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका संयोजकहरु नै हुन । समुदाय स्तरका सुचना, शिक्षा तथा संचार क्रियाकलाप संचालन गर्ने जिम्मेवारी दिएको सन्दर्भमा उनीहरु सुचना, शिक्षा र सञ्चार रणनीतिका पूर्ति पक्षका महत्वपुर्ण पक्षका रुपमा रहेका छन् ।

## २.२.२ सुचना, शिक्षा र सञ्चार रणनीतिका आपूर्ति पक्षका आवश्यकता र चुनौतीहरु

नीतिगत व्यवस्थाका बाबजुद संस्थागत क्षमताको कमी, सम्बन्धित अधिकारीहरुमा जनताको सुचनाको अधिकारप्रतिको संबेदनशीलताको कमी तथा प्रभावकारी सुचना, शिक्षा र सञ्चार रणनीतिको अभाव आदिका कारण सरकारको अत्यन्त महत्वपुर्ण जिम्मेवारी भएको मन्त्रालय भएतापनि संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले आवश्यक सुचना तथा संदेशहरुलाई प्रभावकारी ढंगबाट प्रकाशन तथा प्रशारण गर्न नसकेको अवस्था छ । यो मन्त्रालयको सुचना, शिक्षा र सञ्चार रणनीतिलाई प्रभावकारी बनाउन एकातिर जनताको सुचनाको हकबारे प्रतिबद्ध बनाउन जरुरी छ भने अर्कोतर्फ प्रभावकारी सुचना तथा संचारको लागि मन्त्रालयको संस्थागत क्षमताको बिकास गर्नु उत्तिकै आवश्यक छ । मन्त्रालय तथा जिल्ला तहमा रहेका इकाइहरुबीच प्रभावकारी समन्वय तथा आवश्यक राजनैतिक प्रतिबद्धता पनि  सुचना, शिक्षा र सञ्चार रणनीतिका पूर्ति पक्षका चुनौतिका रुपमा रहेका छन् ।

## २.२.३ आपूर्ति पक्ष (Supply Side)सूचना प्रवाहको आवश्यकता पुरा गर्न अपनाइने क्रियाकलापहरु

**क. केन्द्रीय तहमा रहेका मन्त्रालयका अधिकारीहरु, नीति निर्माता तथा राजनैतिक नेतृत्व**

मन्त्रालयमा रहेर नीति निर्माण तहमा रही काम गर्ने अधिकारीहरुलाई आफ्नो भुमिका तथा जिम्मेवारीप्रति जानकार गराउन तथा जनताको सुचनाको अधिकार सम्बन्धि जानकारी गराउन मन्त्रालयका उच्च तहका अधिकारीहरु तथा सुचना अधिकार क्षेत्रका बिज्ञहरु सम्मिलित टोलीहरुबाट एउटा बृहत अभिमुखीकरण तालिम आयोजना गरिनेछ । यसले सबै कर्मचारीहरु आफ्नो अधिकार तथा दायित्व, मन्त्रालयको लक्ष्य तथा उद्देश्यको बारेमा जानकार बनाई जिल्ला तथा स्थानीय तहका कार्यालयहरुसँग प्रभावकारी समन्वय स्थापित हुनेछ। यसका अतिरिक्त जनताको सुचनाको हक प्रबर्द्धन गरी पारदर्शी तथा उत्तरदायीमुलक शासन व्यवस्था स्थापना गर्न समेत यस्ता अभिमुखीकरण कार्यक्रमले सहयोग पुर्याउनेछन् । राजनीतिक दलहरुका नेतृत्व तहमा स्थानीय प्रशासन सुधारको लागि राजनीतिक इच्छाशक्ति निर्माण गर्ने तथा कर्मचारीहरुको आचार बिचारलाई (Attitude) थप सेवाग्राहीमुखी बनाउदै लैजाने तर्फ पनि यसले सकारात्मक प्रभाव पार्नेछ ।

**ख. जिल्ला बिकास समिति, नगरपालिका तथा गाउँ बिकास समिति कार्यालयहरुमा कार्यरत अधिकारीहरु**

मन्त्रालय तथा यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आफ्नो भुमिका तथा जिम्मेवारीप्रति जानकार गराउन तथा जनताको सुचनाको अधिकार सम्बन्धि जानकारी गराउन मन्त्रालयका उच्च तहका अधिकारीहरु तथा सुचना अधिकार क्षेत्रका बिज्ञहरु सम्मिलित टोलीहरुबाट जिल्ला तथा स्थानीय तह अन्तर्गत कार्यरत कर्मचारीहरुका लागि जिल्ला तहमा अभिमुखीकरण तालिम आयोजना गरिनेछ । यसले सबै कर्मचारीहरु आफ्नो अधिकार तथा दायित्वबारे प्रष्ट भई कार्य सम्पादनमा सहजता पुर्याउने छ भने अर्कोतर्फ मन्त्रालय तथा स्थानीय निकायहरुबीच प्रभावकारी समन्वयको वातावरण निर्माण हुनेछ । यसका अतिरिक्त जनताको सुचनाको हक प्रबर्द्धन गरी पारदर्शी तथा उत्तरदायीमुलक शासन व्यवस्था स्थापना गर्न समेत यस्ता अभिमुखीकरण कार्यक्रमले सहयोग पुर्याउनेछन् ।

**ग. नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका संयोजकहरु**

संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको स्थानीय समुदायसम्म प्रत्यक्ष जोडिएको संयन्त्र भनेका नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका संयोजकहरु नै हुन् । यी संयोजकहरुलाई अभिमुखीकरण तालिम प्रदान गरी आवश्यक श्रोत तथा प्रचार सामाग्री उपलब्ध गराई मन्त्रालय तथा यस अन्तर्गतका स्थानीय निकायले नेपालको संघीय मामिला तथा स्थानीय विकास, विकेन्द्रिकरण, संघीयता आदि जस्ता सवालहरुमा आवश्यकता महसुस गरेका विषयहरुमा सरोकारवाला तथा जनताहरुलाई सुसूचित गर्न आवश्यक लागेका साथै नागरिकको सुचनाको हक सुनिश्चित गर्न समय समयमा दिनुपर्ने सूचनाहरु प्रवाह गर्न परिचालन गर्न सकिने अवस्था छ ।

## २.२.४ सूचना, शिक्षा तथा संचार रणनीतिका आपूर्ति पक्षका लक्षित समूह बिशेषका उद्देश्य तथा अपेक्षित नतिजा

सूचना, शिक्षा तथा संचार रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि लक्षित समूह बिशेषको उद्देश्यहरु तथा तिनीहरुका अपेक्षित नतिजा समेत निर्धारण गर्न जरुरी छ । यसर्थ आपूर्ति पक्षका प्रत्येक लक्षित समूहका उद्देश्य तथा अपेक्षित नतिजाहरु यो रणनीतिमा पनि तय गरिएको छ । यसको विस्तृत विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं : २

| लक्षित समुह | सूचना दिनुपर्ने कारण | कस्तो सुचना दिने | के माध्यमबाट सुचना दिने | प्रतिफल |
|---|---|---|---|---|
| **केन्द्रीय तहमा रहेका मन्त्रालय, बिभाग, आयोग, समिति, प्रतिष्ठानका अधिकारीहरु, नीति निर्माता तथा राजनैतिक नेतृत्व** | सुचना, शिक्षा र सञ्चार रणनीति कार्यान्वयनमा चाहिने आवश्यक समन्वय कायम गर्न मद्दत पुग्नुका साथै राजनैतिक तथा प्रशासनिक प्रतिबद्धता प्राप्त गर्न | सुचना, शिक्षा र सञ्चार रणनीतिको उद्देश्य तथा यस अन्तरगत योजना गरिएका संचार क्रियाकलापहरु | रेडियो, टिभि, पत्रपत्रिका, अनलाइन, नीतिगत छलफल, सेमिनार, कार्यशाला, अध्ययन भ्रमण, नीतिगत कार्यपत्र, नागरिक समाजका प्रतिनिधिहरु सँग अन्तरक्रिया आदि । | रणनीति कार्यान्वयनमा चाहिने आवश्यक समन्वय कायम गर्न मद्दत पुग्नुका साथै राजनैतिक तथा प्रशासनिक प्रतिबद्धता प्राप्त गर्न सहज हुनेछ । |
| **जि.बि.स., नगरपालिका तथा गा.बि.स. कार्यालयहरुमा कार्यरत अधिकारीहरु र अग्रपंतिमा रहेर काम गर्ने सेवा प्रदायकहरु, स्थानीय निकायका महासंघ तथा संघहरु** | यी निकायहरुमा कार्यरत कर्मचारीहरुलाई उनीहरुको काम, कर्तव्य तथा जिम्मेवारीका अतिरिक्त जनताको सुचनाको अधिकारको बारेमा समेत जानकार बनाइ रणनीति कार्यान्वयनमा सहजता ल्याउन । | सुचना, शिक्षा र सञ्चार रणनीतिको उद्देश्य तथा यस अन्तरगत योजना गरिएका संचार क्रियाकलापहरु | रेडियो, टिभि, पत्रपत्रिका, अनलाइन, मन्त्रालयको बेभसाइट, मन्त्रालयका सर्कुलरहरु, क्षेत्रीय स्तरका अन्तरक्रिया, कार्यशाला गोष्ठी, सुचनाको हक सम्बन्धी अन्तरक्रिया तथा कार्यशाला गोष्ठीहरु आदि । | संचार रणनीतिको प्रभावकारी कार्यान्वियन गर्न सहज हुनुका साथै जनउत्तरदायी स्थानीय शासन व्यवस्था सुनिश्चित गर्न सकिनेछ । |
| **नागरिक समाज एवं निजी क्षेत्रका प्रतिनिधिहरु, स्थानीय स्तरका राजनीतिक नेतृत्व, शिक्षक, परम्परागत उपचार पद्धतिमा संलग्न धामी झाक्री, सामाजिक परिचालकहरु तथा अन्य बिभिन्न माध्यमहरु** | सधै जनताको सम्पर्कमा रहिरहने उनीहरु मार्फत मन्त्रालयका लक्ष्यित सुचना तथा संचार उद्देश्यहरु प्राप्त गर्न । | मन्त्रालयका गतिबिधिहरु तथा मन्त्रालयले उपलब्ध गराउने सेवा, सुबिधा तथा तिनीहरुको महत्वबारे जानकारी | नियमित अन्तरक्रिया, तालिम, छलफल आदि । | स्थानीय जनतालाई मन्त्रालयका गतिबिधिहरु तथा मन्त्रालयले उपलब्ध गराउने सेवा, सुबिधा तथा तिनीहरुको महत्वबारे जानकारी दिई संचार रणनीतिको लक्षित उद्देश्य प्राप्त गर्न सहज बनाउनेछन् । |
| **नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका** | समुदायको तहमा रहेका उनीहरुलाइ आफ्नो काम, | स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, | तालिम, अभिमुखीकरण कार्यक्रम, स्थानीय स्तरका अन्तरक्रिया कार्यक्रम, पत्रपत्रिका, राष्ट्रिय | आफ्नो काम, कर्तव्य तथा जिम्मेवारीका अतिरिक्त संचार |

| | | | | |
|---|---|---|---|---|
| **संयोजकहरु** | कर्तव्य तथा जिम्मेवारीका अतिरिक्त संचार रणनीतिको बारेमा समेत जानकार बनाइ रणनीति कार्यान्वयनमा सहजता ल्याउन | मन्त्रालयले प्रदान गर्ने सेवा तथा सुबिधाहरु, सुचना, शिक्षा र सञ्चार रणनीतिको उद्देश्य तथा यस अन्तरगत योजना गरिएका संचार क्रियाकलापहरु | भाषाका अतिरिक्त स्थानीय भाषामा तयार पारिएका पोस्टर, पम्फलेट, स्टिकर तथा सडक नाटक र दोहोरी गीत जस्ता मनोरन्जनात्मक प्रचार बिधिहरु । | रणनीतिको बारेमा समेत जानकार भइ यो रणनीति कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहज हुनेछ । |

परिच्छेद-३

# सूचना, शिक्षा तथा संचार रणनीति अन्तर्गतका प्रमुख क्रियाकलापहरु

## ३.१ सूचना, शिक्षा तथा संचार रणनीति अन्तर्गतका प्रमुख क्रियाकलापहरु

**क**.सबै सञ्चार माध्यममा स्थानीय विकास वारे विशेषज्ञता भएका पत्रकारहरुको उत्पादन गर्न आवश्यक पहल गरी हरेक सञ्चार माध्यममा **स्थानीय मामिला सम्वन्धी विट स्थापना** गरिनेछ । आम सञ्चार माध्यमलाई स्थानीय निकायको समाचारलाई उच्च प्राथमिकतामा राखेर निरन्तर त्यसलाई स्थान दिने उत्तरदायित्व वहन गर्न लगाइ तथा सञ्चार माध्यम आफैले निरन्तर खवरदारी गर्ने वातावण वनाउन सके स्थानीय प्रजातन्त्र सवल सक्षम हुनेछ। सुशासन र भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्नेछ र जनता वा सेवाग्राहीलाई लाभ हुनेछ ।

**ख.** काठमाण्डौमा रहेका प्रमुख **सञ्चार माध्यमका सम्पादकहरुसंग अन्तक्रिया गर्ने** र उनीहरुलाई स्थानीय निकाय सम्वन्धमा रिपोटिङ गर्ने छुट्टै विट वनाउने विषयमा छलफल गर्ने ।

ग.**स्थानीय निकायलाई विट वनाएर कार्यरत पत्रकारहरुसंग अन्तरक्रिया** गर्ने र स्थानीय निकायको रिपोर्टिङ्गमा थप संचारकर्मी आकर्षित गर्ने ।

**घ.** बार्षिक रुपमा प्रदान गरिने प्रथम, द्बितिय, तृतिय तथा सान्त्वना गरी निश्चित राशिको **बिकास पत्रकारिता पुरस्कार**को स्थापना गर्ने । पुरस्कारको लागि देशभरिबाट दरखास्त आव्हान गरी बिज्ञहरुको समुहबाट छनौट गर्ने व्यवस्था मिलाउने ।

**ङ.** स्थानीय स्तरका (मोफसल) पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाईनका लागि हरेक **जिल्लामा पत्रकारका लागि तालिम आयोजना** गर्ने ।

**च.** काठमाण्डौका प्रमुख सञ्चार माध्यममा कार्यरत राष्ट्रिय स्थानीय विकास हेर्ने **विज्ञ पत्रकारको सानो सानो टोली वनाएर हरेक जिल्लामा पठाउने**, उनीहरुले स्थानीय स्तरका पत्रकारसंग आफ्नो अनुभव साटा साट गर्छन र रिपोटिङ पनि गर्ने । केन्द्रबाट गएको पत्रकार टोली, स्थानीय पत्रकार र स्थानीय निकायका कर्मचारी बीच पत्रकारिता र स्थानीय निकाय बीचको सहकार्यवारे अन्तरक्रिया गर्ने ।

**छ.बिकास बहस** कार्यक्रम जिल्ला तथा स्थानीय तहमा आयोजना गरी टेलिभिजन तथा रेडियोबाट प्रशारण गर्ने । जिल्ला तथा स्थानीय स्तरमा हाल ब्यवस्था गरिएको नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चसँगको समन्वयमा स्थानीय सर्बसाधारण, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय बिकास अधिकारीहरुको सहभागितामा **बिकास बहस कार्यक्रम** संचालन गरी स्थानीय एफ. एम. रेडियो तथा टेलिभिजन मार्फत प्रसारण गरी स्थानीय स्तरका समस्या समाधान गर्न तथा जनतालाई स्थानीय स्वायत्त शासनको बारेमा जानकार बनाउने ।

**ज**.संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय तथा यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत

कर्मचारीहरुलाई आफ्नो भुमिका तथा जिम्मेवारीप्रति जानकार गराउन तथा जनताको सुचनाको अधिकार सम्बन्धि जानकारी गराउन मन्त्रालयका उच्च तहका अधिकारीहरु तथा सुचना अधिकार क्षेत्रका बिज्ञहरु सम्मिलित टोलीहरुबाट स्थानीय निकायमा कार्यरत कर्मचारीहरुका लागि **जिल्ला तहमा सुचनाको अधिकार सम्बन्धि अभिमुखीकरण तालिम आयोजना गर्ने** । यसले सबै कर्मचारीहरु आफ्नो अधिकार तथा दायित्वबारे प्रष्ट भई कार्य सम्पादनमा सहजता पुर्याउने छ भने अर्कोतर्फ मन्त्रालय तथा स्थानीय निकायहरुबीच प्रभावकारी समन्वयको वातावरण निर्माण हुनेछ । यसका अतिरिक्त जनताको सुचनाको हक प्रबर्द्धन गरी पारदर्शी तथा उत्तरदायीमुलक शासन व्यवस्था स्थापना गर्न समेत यस्ता अभिमुखीकरण कार्यक्रमले सहयोग पुर्याउनेछ ।

**झ.** स्थानीय निकायका वारेमा खोजी समाचार गर्दै आएका पत्रकारलाई प्रोत्साहित गर्न **केन्द्र तथा जिल्ला तहमा फेलोसिप** दिने ।

**ञ.** लक्षित समुदायलाई दिन खोजिएको **सन्देश तय गर्ने** र एउटै मुख्य नारा तय गर्ने ।

ट. स्थानीय बिकास मन्त्रालय अन्तर्गतका क्रियाकलापहरुबारे **डकुमेन्टरी, समाचार बुलेटिन, बिज्ञापन तथा अन्य प्रबर्धनात्मक सुचना तथा संदेश सामाग्रीहरु उत्पादन,** प्रकाशन, प्रशारण एवं बितरण गर्ने व्यवस्था मिलाउने ।

**ठ.** स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा, सुबिधा, तथा स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, लैगिंक समानता, स्थानीय शासन, दीगो बिकास लगायतका जानकारी समेटिएको **Information Kit** तयार पार्ने ।

## ३.२ बिभिन्न आमसंचार तथा अन्य संचार माध्यम प्रयोग रणनीति

**छापा माध्यम**

नेपालमा छापाको इतिहास सबै भन्दा पुरानो र ऐतिहासिक छ । नेपालमा प्रेस काउन्सिलको २०७० सालको तथ्याङक अनुसार नेपालमा तीनहजार भन्दा वढी पत्रपत्रिका दर्ता भएका छन् । देशका प्रमुख शहरमा पत्रपत्रिकाको पहुँच छ । पत्रपत्रिका जनमत बनाउन र विचारको निर्माण गर्न अत्यन्त प्रभावकारी रहेका छन् । खासगरी सरकारको नीति जनतामा पुऱ्याउने र जनताका चाहना, आवश्यकता वारे नीति निर्मातालाई निरन्तर जानकारी गराई रहेको हुन्छ । त्यसैले छापा माध्यममा निरन्तर मन्त्रालयका काम र गतिविधिवारे समाचार र विचार प्रकाशन हुने वातावरण बनाउन आवश्यक छ ।

क. दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, समाचार प्रधान, बिचार प्रधान, साहित्यिक, स्मारिका लगायतका पत्रपत्रिकालाई सूचना बिभागको बर्गीकरणको आधारमा उपयोग गर्ने ।

ख. राष्ट्रिय तथा स्थानीय तहका पत्रपत्रिकामा स्थानीय निकायवारे विशेषज्ञ पत्रकार उत्पादन गर्न प्रोत्साहित गर्ने ।

**बिद्युतीय संचार माध्याम**

**क. एफ. एम. रेडियो**

हरेक विकास क्षेत्रमा पा“च पा“चका दरले स्थानीय रेडियोमा कार्यक्रम उत्पादन गर्ने र सञ्चालन गर्न लगाउने । स्थानीय तहमा वढी पहुँच भएका लोकप्रिय, आचार संहिताको पालना गर्ने र व्यावसायिक पत्रकारिता प्रवर्द्धनमा योगदान दिइरहेका रेडियोलाई प्राथमिकता दिने । गा.वि.स., नगरपालिका र जि.वि.स.लाई समाचारको श्रोत केन्द्रका रुपमा स्थापित गर्नुका साथै हरेक गा.वि.स., नगरपालिका र जि.वि.स.का गतिविधि त्यस्ता कार्यक्रममा समावेश गर्ने ।

**ख. टेलिभिजन**

नेपालमा पछिल्ला केही वर्ष यता टेलिभिजनको व्यापक विस्तार भएको छ । देशका कुना काप्चासम्म रहेका आम जनतामा यसको पहुँच स्थापित छ । संसारमा टेलिभिजन सर्वाधिक लोकप्रिय मात्र होइन प्रभावकारी सञ्चार माध्यमका रुपमा स्थापित छ । त्यसैले टेलिभिजनमा छुट्टै कार्यक्रम सञ्चालन गर्दा बढी खर्चिलो, झन्झटिलो हुने भएकाले टेलिभिजनको मार्केटिङसंग समन्वय गरी मन्त्रालयले आवश्यक ठानेका विषयमा केन्द्रित बहस, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम उत्पादन र प्रशारण गर्न लगाउने । यस्ता कार्यक्रम टेलिभिजनमा स्थापित कार्यक्रममै समावेश गर्न लगाउने र त्यसका लागि टेलिभिजनहरुलाई पिएस्ए र विज्ञापन उपलव्ध गराउने । मन्त्रालय आफैले छुट्टै कार्यक्रम बनाउनु भन्दा यसरी टेलिभिजनमै स्थापित कार्यक्रमा आफ्नो सन्देश समावेश गराउदा वढी प्रभावकारी र कम खर्चिलो हुन जान्छ ।

**ग. स्थानीय केवल टेलिभिजन**

मन्त्रालयले तयार गरेका सन्देश र समाग्रीलाई स्थानीय केवल मार्फत प्रशारण गर्ने, गराउने ।

**घ. अनलाइन**

नेपालमा पछिल्लो समय अनलाईन अत्यन्त प्रभावकारी सावित हुदै आएको छ । नया“ पुस्ताको आकर्षण पनि यो माध्यममा बढी नै छ । देशका कुना काप्चामा बस्ने जनतामा इन्टरनेटको पहुँच बिस्तार हुदै जाँदा यो माध्यम पछिल्लो पटक सर्वाधिक प्रभावकारी बन्दै गएको छ । अनलाइन मिडियालाई मन्त्रालयको सुचना, शिक्षा र संचार रणनीति अन्तर्गत देहाय बमोजिम उपयोग गरिनेछ ।

- मन्त्रालयले तयार पारेको सन्देशलाई प्रमुख अनलाइनमा विज्ञापनका रुपमा उपलव्ध गराउने । त्यसै गरी मन्त्रालय र मातहतका कार्यालयका गतिबिधिलाई अनलाइनमा समाचार र विचारका रुपमा पोष्ट गर्न प्रोप्साहित गर्ने । त्यसका अतिरिक्त देशभर सञ्चालन भएका कार्यक्रम र गतिबिधि अनलाईनमा तत्काल अपलोड गर्ने व्यवस्था मिलाउने ।
- मन्त्रालयले आफ्नो मातहतमा एउटा अनलाईन निर्माण गर्ने र आफूले प्रवाह गर्नुपर्ने सन्देश त्यही अनलाईनमा राख्ने । जस्तो सन्देश, प्रेस वक्तव्य, रिर्पोट, अन्तवार्ता । आवश्यकता अनुसार रेडियो र टेलिभिजनले समेत प्रयोग गर्न मिल्ने गरी श्रव्य र दृष्य समाग्री पनि अनलाइनमा राख्ने व्यवस्था गर्ने ।
- देशभर भएका र सञ्चार माध्यमले तयार गरेका समाग्री मध्ये उपयुक्त विषय वस्तुलाई

अनलाइनमा राख्ने व्यवस्था मिलाउने । यो अभियानले मुख्यतया दुई लाभ हुनेछ । पहिलो एउटै संयन्त्रवाट देशभरका गतिविधिको जानकारी लिन मन्त्रालय र अन्य जो सुकैलाई सहज हुने छ । दोस्रो अनलाईनमा देशभरका घटनाक्रम एक ठा“उमा रहदा एक अर्काको अनुभव साटासाट गर्न सकिने छ ।

- मन्त्रालय अन्तर्गतका कार्यालयहरुबाट भएका गतिबिधिहरुले ल्याएका सफलताका कथाहरु समेटी एउटा मासिक रुपमा मन्त्रालयको सुचना शाखा मार्फत इ-बुलेटिन तयार पारी मन्त्रालयको बेभसाइटमा राख्ने । यसका लागि मन्त्रालयमा कार्यरत IT कर्मचारीलाई परिचालन गर्ने । उक्त बुलेटिनमा प्रकाशित सामाग्रीहरु देशका बिभिन्न भागमा छरिएर रहेका सबै प्रकारका संचारमाध्यमले प्रकाशन, प्रशारण गर्न सक्ने व्यवस्था मिलाउने ।
- फेसवुक र ट्वीटरमा छुट्टै पेज निर्माण गरी मन्त्रालयको काम र सेवा प्रवाह बारे आम जनताको सुझाव लिने र कमी कमजोरी भए तत्काल सच्याउने संयन्त्र निर्माण गर्ने ।
- मन्त्रालयमा एउटा पैसा नलाग्ने टोल फ्रि टेलिफोनको व्यवस्था गरी जनताको गुनासो लिने र त्यस बारे तत्काल जवाफ दिने संयन्त्र निर्माण गर्ने । यसरी मन्त्रालयका तर्फवाट दिईने जवाफ वेभसाईटमा राख्ने व्यवस्था मिलाउने ।
- मन्त्रालयले तत्काल सम्वोधन गर्नुपर्ने विषय भएमा प्रेस वक्तव्य तत्काल वेभसाईटमा राख्ने र सञ्चार माध्यमहरुमा मेल तथा फ्याक्सको माध्यमवाट पठाउने ।

### ड.सामाजिक सञ्जाल प्रयोगकर्ताहरु परिचालन

पछिल्लो समय सूचना प्रविधिको विकासले संसारलाई एउटा सानो गाउ“बाट ग्याजेट जस्तो मोवाइल, ट्याव, ल्यापटप, कम्प्युटरमा सीमित हुन पुगेको छ । इन्टरनेट सञ्जालको माध्यमवाट संसारलाई एउटै उपकरणमा हेर्न सम्भव भएको छ भने आफूले दिन चाहेको सन्देश तत्काल संसारभर पुऱ्याउन सम्भव हुनु सञ्चारको क्षेत्रमा भएको युगान्तकारी परिवर्तन नै मान्नु पर्छ । नेपालमा पनि सामाजिक सञ्जाल प्रयोगकर्ताहरुले सञ्चालन गरेका अभियान प्रभावकारी देखिएका छन् । त्यसैले मन्त्रालयको सन्देश जनतासम्म पुऱ्याउन र उनीहरुको प्रतिकृया, सुझाव जनतासम्म पुऱ्याउन उनीहरुलाई प्रोत्साहित गर्न सकिने अवस्था छ ।

### च. पी.एस.ए. तथा एस.एम.एस.को प्रयोग

मुख्य नारा वा सन्देश तथा आवश्यकता अनुसार अन्य सन्देश देशका प्रमुख भाषामा तयार गर्ने । सार्वजनिक हितका पक्षमा तयार गरिएका सन्देशलाई अनलाईन, छापा, रेडियो र टेलिभिजनवाट प्रकाशन तथा प्रशारण गर्ने । सामाजिक सञ्जालका माध्यमबाट बढी भन्दा बढी जनतासम्म पुऱ्याउने । यसका लागि मोबाइल एस.एम.एस. समेतको उपयोग गर्ने ।

**छ. गीत/कविता/भजन**

स्थानीय निकायको विकास, सुशासन र जनतामा सूचना प्रवाह गर्ने खालका गीत, कविता तथा भजन बनाएर विभिन्न सञ्चार माध्यम र समाजिक सञ्जालमा राख्ने । यस्ता प्रकृतिका प्रचार सामाग्रीहरुमा महिला, आदीवासी जनजाति, दलित र राज्यको पहुँच बाहिर रहेका समुदायको संस्कृति झल्कने विषय वस्तुलाई प्राथमिकतामा राख्ने ।

**ज. सडक वा रेडियो नाटक**

स्थानीय निकाय, त्यसले दिने सेवा र कमी कमजोरीका विषयमा जनचेतना जगाउने खालका सडक नाटक वा रेडियो नाटक गराउने ।

**झ. रिङ टोन**

जनतामा सूचना प्रवाह गर्ने खालका सूचना र गीतलाई सीआरविटि वनाएर टेलिफोन सेवा प्रदायक संस्थाहरु जस्तै नेपाल टेलिकम र एनसेल मार्फत रिङ टोन राख्ने ।

**ञ. स्टिकर/पोष्टर**

स्थानीय निकाय सम्वन्धि जनचेतना जगाउने खालका स्टिकर र पोष्टर बनाउने र हरेक कार्यालय तथा सार्वजनिक स्थानमा राख्ने । यसका लागि गाउँतहमा रहेका स्थानीय निकायहरुलाई परिचालन गर्ने ।

**ट. सामाजिक सञ्जाल**

मन्त्रालय र मातहतका कार्यालयले नागरिकको सेवालाई सहज, सरल र पारदर्शि तथा प्रभावकारी बनाउनका लागि तयार पारेका सन्देशलाई मन्त्री, सचिव, सबै कर्मचारी, जि.वि.स., नगरपालिका र गा.वि.स.का सबै कर्मचारी तथा जनप्रतिनिधिले एक साथ सार्वजनिक गर्ने । एउटा विशेष कार्यक्रममा अभियान प्रारम्भ गर्ने । त्यही कार्यक्रममा मुख्य अभियानको घोषणा गर्ने । मन्त्री देखि मन्त्रालय मातहतका सबै कार्यालयका कर्मचारी र जनप्रतिनिधिले एक साथ सन्देशलाई सामाजिक सञ्जाल फेसवुक, ट्वीटर लगायतमा पोष्ट गर्ने ।

## ३.३ सूचना, शिक्षा तथा संचार रणनीति कार्यान्वयन संयन्त्र

सूचना, शिक्षा तथा संचार रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मन्त्रालयको प्रबक्ताको संयोजकत्वमा एउटा संयोजन समिति गठन गरिनेछ । उक्त समितिमा मन्त्रालयका सबै महाशाखा प्रमुखहरु, बिभागहरुबाट कम्तिमा एकजना प्रतिनिधि सदस्यको रुपमा रहने छन । यसका साथै यो समितिमा सूचना बिभाग, नेपाल पत्रकार महासंघ, कृषि विकास एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतका सूचना/सन्चार केन्द्रहरुका प्रतिनिधिहरु पनि आवश्यकता अनुसार आमन्त्रित सदस्यका रुपमा रहनेछन् । उक्त समितिको सदस्य सचिवको रुपमा मन्त्रालय अन्तर्गतको सूचना तथा बिद्युतीय शासन शाखा प्रमुखले काम गर्नेछ ।

# परिच्छेद-४

## विविध

### ४.१ सूचना तथा संदेश उत्पादन

यो रणनीतिले परिकल्पना गरेका सबै खालका सूचना तथा संदेशहरु संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय आफैले उत्पादन गर्न संभव नहुने भएकोले यस्ता सामाग्री उत्पादनका लागि मौजुदा ऐन, नियमको अधिनमा रही बिज्ञ समुह वा कम्पनीहरुलाई आवश्यकता अनुसार Contract Out गरिनेछ । मन्त्रालय अन्तर्गतको सुचना शाखाले केन्द्रमा तथा प्रत्येक जि.बि.स.मा रहने सुचना अधिकारीले स्थानीय स्तरमा उत्पादन गर्नुपर्ने सूचना तथा संचार सामाग्री उत्पादनको समन्वय गर्नेछन् । रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइनलाई फरक फरक प्रकृतिका प्रचार सामाग्रीहरु उत्पादन गर्नुपर्ने भएकोले सम्बन्धित क्षेत्रका बिज्ञहरुलाई उक्त कामको जिम्मेवारी दिइनेछ । उत्पादित सामाग्रीहरुलाई बिभिन्न संचार माध्यमहरुलाई तिनीहरुको प्रभावकारिताको आधारमा बितरण गर्ने व्यवस्था सम्बन्धित अधिकारीहरुले केन्द्र तथा जिल्ला तहमा गर्नेछन् । यसका लागि मन्त्रालयको सुचना शाखा तथा जिल्लातहका इकाइहरुमा थप जनशक्ति तथा साधन तथा श्रोतको व्यवस्था मिलाइनेछ ।

### ४.२ सुचना, शिक्षा तथा संचार सामाग्री तयारीको guidelines तथा खरीद योजनाको ToR

सुचना, शिक्षा र सञ्चार रणनीति अन्तर्गतका सम्पूर्ण क्रियाकलापहरु मन्त्रालयको सुचना शाखाको प्रत्यक्ष समन्वयमा बिज्ञ तथा बिज्ञहरुको संस्थालाई Contract out गरी सम्पादन गरिनेछ । तिनीहरुलाई उक्त कामहरुको जिम्मेवारी निम्न guidelines तथा ToR का आधारमा दिइनेछ ।

- स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा, सुबिधा, तथा स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, लैगिंक समानता, स्थानीय शासन, दीगो बिकास लगायतका जानकारी समेटिएको Information Kit तयार पार्न ToR तयार पार्ने ।
- बिद्युतीय संचार माध्यममा प्रसारण हुने डकुमेन्ट्री, समाचार बुलेटिन, बिज्ञापन तथा अन्य प्रबर्द्धनात्मक सुचना तथा संदेश सामाग्रीहरु उत्पादनको लागि छुट्टै ToR तयार पार्ने ।
- छापा माध्यममा प्रकाशित हुने समाचार, लेख तथा फिचर, सफलताका कथाहरु तथा कुनै निश्चित बिषयवस्तुसग सम्बद्ध भएर लेखिने रिपोर्टको guidelines तयार पार्ने ।
- ICT बिज्ञलाई वेभ पोर्टल तयारी, सुचना तथा संचार सामाग्रीको बिषयबस्तु चयन तथा उत्पादनको लागि ToR तयार पार्ने ।
- सेवा प्रदायक तथा संचारकर्मीलाइ तालिमका लागि ToR तयार पार्नुका साथै छुट्टै तालिमको म्यानुएल तयार पार्ने ।

## ४.३ प्रचार सामाग्री बितरणको ब्यवस्था

सुचना, शिक्षा तथा संचार गतिबिधिको प्रभावकारिताका लागि तयार पारिएका सामाग्रीहरु बितरण गरी उपयुक्त संचार माध्यमबाट प्रकाशन, प्रशारण तथा बितरण गरेको खण्डमा मात्र लक्षित समूहले प्राप्त गर्न सक्दछन। उक्त प्रचार सामाग्रीहरुको बितरणको लागि देहाय बमोजिमको व्यवस्था गरिनेछ।

- **सम्पर्क व्यक्तिको नियुक्ति**

सुचना, शिक्षा तथा संचार रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि केन्द्र तथा जिल्लामा एकजना सम्पर्क व्यक्ति तोकिनेछ। मन्त्रालय तहमा सुचना शाखाको प्रमुखलाइ सम्पर्क व्यक्ति तोकिनेछ भने जिल्ला बिकास समिति तहमा सुचना अधिकुतलाई यो जिम्मेवारी दिइनेछ । साथै सम्बन्धित नगरपालिकाका कार्यकारी अधिकृत वा उसले तोकेको अधिकारी तथा गा.बि.स. सचिवहरु पनि स्थानीय स्तरमा सम्पर्क ब्यक्तिको रुपमा तोकिनेछन् । समूदाय तहसम्म पुग्नको लागि नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका संयोजकलाई सम्पर्क व्यक्ति तोकिनेछ। उनीहरुलाई उचित श्रोत, साधन तथा तालिमको व्यवस्था गरिनेछ।

- **सम्पर्क व्यक्तिको काम, कर्तव्यबारे guidelines** तयार पार्ने

सम्पर्क ब्यक्तिलाई आफ्नो काम, कर्तब्य तथा सुचना, शिक्षा तथा संचार रणनीतिका बिभिन्न पक्षहरुका बारे जानकारी दिलाउन छुट्टै **guidelines** तयार पारी बितरण गरिनेछ। यसले जनताको सुचनाको अधिकार सुचना, शिक्षा तथा संचार रणनीति अन्तर्गतका कृयाकलापहरु संचालनका बारेमा सम्पर्क ब्यक्तिहरुलाई जानकारी दिनेछ।

## ४.४ प्रचार सामाग्री बितरण रणनीति

मन्त्रालय अन्तर्गतको सूचना शाखा तथा जिल्ला अन्तर्गत कार्यरत सुचना अधिकृतको इकाइहरुलाई थप श्रोत, साधन तथा आवश्यक जनशक्तिको व्यवस्था गरी प्रसारण, प्रकाशन तथा सर्बसाधारण जनतालाई बितरण गर्ने उद्देश्यले उत्पादित सामाग्रीहरुको बितरण व्यवस्था मिलाइनेछ । मन्त्रालय अन्तर्गतको सुचना शाखाले सम्बन्धित बिभागहरु मार्फत केन्द्रबाट जिल्लासम्म पुऱ्याउनेछ भने जिल्लातहबाट सम्बन्धित नगरपालिका तथा गा.बि.स. सम्म पुऱ्याउने व्यवस्था सम्बन्धित जिल्लाका सुचना अधिकृतले गर्नेछन् । साथै सम्बन्धित नगरपालिका तथा गा.बि.स.ले मन्त्रालयले तयार पारेका प्रचार सामाग्रीहरु नागरिक सचेतना केन्द तथा वडा नागरिक मञ्चका संयोजकसम्म पुऱ्याउनेछन्। प्रचार सामाग्री बितरण प्रयोजनको लागि आवश्यक रकमको व्यवस्था मन्त्रालयले गर्नेछ।

मन्त्रालयका सूचना तथा संदेशहरु रेडियो, पत्रपत्रिका, टेलिभिजन, अनलाइन तथा तालिम, सेमिनार, अभिमुखीकरण, स्थानीय स्तरमा संचालन गरिने छलफल कार्यक्रमका साथै पोस्टर, पम्पलेट आदिका माध्यमबाट लक्षित समुदायसम्म संप्रेषण गर्ने व्यवस्था मिलाइनेछ । माग पक्ष तथा पूर्ति पक्षका बिभिन्न समुहको सुचना तथा संदेशको आवश्यकतालाई ध्यानमा राखेर त्यस्ता प्रचार सामाग्रीहरु राष्ट्रिय र स्थानीय भाषा दुबैमा केन्द्र तथा स्थानीय तहबाट उत्पादन गर्ने व्यवस्था गरिनेछ।

**सूचना तथा संदेश बितरणको लागि स्थानीय शासनका देहाय बमोजिमका संरचनाहरुलाई परिचालन गरिनेछ ।**




यसका अलावा नागरिक समाजका संगठनहरु, निजी क्षेत्र, स्थानीय राजनैतिक नेतृत्व, शिक्षक, धामी, झाक्री तथा सामाजिक परिचालकहरु पनि बितरण रणनीति अन्तर्गत समेटिने छन् ।

## ४.५ संदेश सामाग्री छनौट तथा संप्रेषण रणनीति

उपयुक्त संदेश छनौट गरी उचित संचार रणनीति अपनाएमा मात्र त्यसले लक्षित समुहलाई प्रभाव पार्न सक्छ। मन्त्रालयका सुचना तथा संदेश राष्ट्रिय तथा स्थानीय भाषामा उत्पादन गरी केन्द्रीय तथा जिल्ला तहबाट प्रकाशन तथा प्रशारण गर्ने व्यवस्था मिलाइनेछ।

## ४.६ समग्र सुचना तथा संदेशहरुको वर्गीकरण

यी समग्र सुचना तथा संदेशहरुलाई सुचनामुलक, शिक्षामुलक, उत्प्रेरणामुलक, प्रवर्द्धनात्मक, निर्देशात्मक र मनोरन्जनात्मक शीर्षकमा वर्गीकरण गरी बिभिन्न लक्षित समुहसम्म मन्त्रालयको सुचना, शिक्षा र संचार अभियानलाई प्रभावकारी बनाउन उपयुक्त माध्यम तथा संचार रणनीतिहरु अपनाइनेछ।

**क. सूचनामुलकः**

यस्ता सुचना तथा संदेशहरुले मन्त्रालयलका गतिबिधिहरु, यसले प्रदान गर्ने सेवा, सुबिधाहरु त्था मन्त्रालयका अन्य आवश्यक सुचनाको बारेमा सेवाग्राहीहरुलाई जानकारी दिनेछन् । यस अन्तर्गत जनतालाई स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम, बिकेन्द्रिकरण, नीति निर्माण तथा कार्यान्वयन, स्थानीय स्वायत्त शासनको महत्व, मानव अधिकार, लैगिंक समता, सेवाप्रदायकको भुमिका तथा जिम्मेवारी, स्थानीय निकायमा प्राप्त हुने बजेट लगायतको बारेमा जानकारी दिईनेछ।

**ख. शिक्षामुलक**

शिक्षामुलक सुचना तथा संदेशहरु स्थानीय शासन प्रणाली तथा मन्त्रालयले लागु गरेको स्थानीय शासन तथा सामुदयिक बिकास कार्यकम (2013/14-2016/17)] बारेमा सर्वसाधारणलाई जानकारी प्रदान गर्न लक्षित हुनेछन्। यस अर्न्तगत महिला, युवा, बृद्धबृद्धा, आदिबासी जनजाति, मधेसी, दलित तथा अन्य पिछडिएका बर्गहरुको भुमिका, सरकारको बजेट प्रक्रिया, सुचनाको हक, दीगो सामुदायिक विकास, बिद्युतीय शासन व्यवस्था, बिकास प्रक्रियाका सफलताका कथाहरु तथा चुनौतिहरु, सार्वजनिक सेवा प्रदान प्रणाली लगायतको बारेमा जानकारी दिइनेछ।

**ग. उत्प्रेरणामुलक**

जन्म, मृत्यु, विवाह जस्ता घटनाहरुको दर्ता गर्ने, स्थानीय शासनमा सहभागिता बृद्धि गर्ने कृयाकलापमा भाग लिन उत्प्रेरित गर्ने खालका उत्प्रेरणामुलक सुचना तथा संदेशहरुले जनताको आनीबानी तथा बिचारहरु परिबर्तन गरी स्थानीय शासन व्यवस्थामा सहभागिता बृद्धि गर्न तथा सबै सरोकारवालाहरुको चासो बढाउन मद्दत गर्नेछन् । यस्ता सुचना तथा संदेशहरुले जनतालाई स्थानीय स्वायत्त शासन तथा उनीहरुको सहभागिताको महत्ववारे जानकारी गराउनेछन्।

**घ. प्रवर्द्धनात्मक**

प्रवर्द्धनात्मक सुचना तथा संदेशहरुले आदिबासी जनजाति, मधेसी, दलित, अपांग तथा अन्य पिछडिएका बर्गहरुको स्थानीय शासन प्रणालीमा तथा बिकास निर्माण गतिबिधीमा उनीहरुको सहभागिता बढाउन लक्षित हुनेछन् । यस अन्तर्गतका गतिबिधीहरुले लक्षित समुहका लागि छुट्याइएको बजेट तथा अन्य सम्बन्धित पक्षकाबारे सुचना दिनेछन् । साथै यस्ता सुचना तथा संदेशहरुले स्थानीय भाषा, संस्कृति, कला आदिलाई पनि प्रवर्द्धन गर्नेछन् ।

**ङ. निर्देशात्मक**

निर्देशात्मक सूचना तथा संदेश अन्तर्गत मन्त्रालयले बिभाग तथा स्थानीय निकायलाई बेलाबेलामा प्रदान गर्नुपर्ने सुचना तथा निर्देशनलाई बुझिन्छ । देशैभरि रहेका मन्त्रालयका अग्रपंतिमा रहेर काम गर्ने निकायहरुलाई एकैपटक जानकारी गराउनु पर्ने यस्ता आन्तरिक प्रकृतिका सूचनाहरु पनि आवश्यकता अनुसार आम संचार माध्यम मार्फत प्रचार प्रसार गरिनेछ ।

**च. मनोरन्जनात्मक**

मनोरन्जनात्मक सुचना तथा संदेशहरु अन्तर्गत नाटक, लोकगीत, उत्सव तथा सांस्कृतिक कार्यक्रमको आयोजना जस्ता बिभिन्न मनोरन्जनात्मक माध्यमबाट जनतालाई स्थानीय शासन तथा बिकास कार्यक्रमको बारे जानकारी गराइनेछ ।

## ४.७ सुचना, शिक्षा र संचार संदेशका अपिल [Appeal] रणनीतिहरु

सुचना, शिक्षा र संचार संदेशका अपिल [Appeal] रणनीतिहरु भावुक [Emotional],तार्किक [Logical and Rational] र नैतिक [Moral] तीन किसिमका हुनेछन । भावुक [Emotional] रणनीतिले श्रोता तथा दर्शकको मनमष्तिष्क छोई कुनै कुरा गर्न हुने वा नहुने भावना पैदा गर्दछन भने तार्किक [Logical and Rational] अपिल रणनीतिहरुले तथ्य तथा सिद्धान्तमा आधारित भएर श्रोता तथा दर्शकको आचार बिचार तथा सोचाइमा परिवर्तन ल्याउने प्रयत्न गर्नेछन् । नैतिक [Moral] अपिल रणनीतिहरु श्रोता तथा दर्शकलाई नैतिक मुल्य र मान्यताको वारेमा जानकारी गराई उनीहरुको आचार बिचार तथा सोचाइमा परिवर्तन ल्याउने प्रयत्न गर्नेछन । यी अपिल रणनीति अन्तर्गत देहायका सुचना तथा संदेशहरु संप्रेषण गरिनेछ । जुन निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं : ३**

| लक्षित समुहरु | अपिल वा उत्प्रेरणा | संदेशहरु |
|---|---|---|
| सबै समुहहरु<br><br>(आम सर्बसाधारण, महिला, बालबालिका, बृद्धबृद्धाहरु, आदिबासी जनजाति, मधेसी, दलित तथा अन्य पिछडिएका समुदायहरु) | तार्किक [Logical/Rational] | ✓ समग्र स्थानीय शासन व्यवस्था,<br>✓ बिकेन्द्रिकरण तथा योजना तर्जुमा एवं कार्यान्वयन प्रक्रिया,<br>✓ बिकास तथा बिकेन्द्रिकरण प्रक्रियामा संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको भुमिका,<br>✓ स्थानीय स्वायत्त शासनको महत्व,<br>✓ सुचनाको हकको पालना,<br>✓ मानव अधिकार तथा लैगिक समता,<br>✓ सेवा प्रदायकको भुमिका तथा जिम्मेवारी,<br>✓ मन्त्रालयका नीतिगत कुराहरुको जानकारी,<br>✓ स्थानीय तहमा बिभिन्न शीर्षकमा बितरण गरिएको बजेटबारे जानकारी । |
| | भावुक [Emotional] | ✓ जनताको सहभागिताका कुराहरु,<br>✓ महिला, युवा, बालबालिका, आदिबासी जनजाति, मधेसी, दलित तथा अन्य पिछडिएका समुदायहरुको भुमिका,<br>✓ संस्कार परिवर्तनका कुराहरु,<br>✓ बदलिदो प्रबिधी तथा सामाजिक रुपान्तरणका कुराहरु । |
| | नैतिक [Moral] | ✓ स्थानीय मूल्य, मान्यता, संस्कृति, जातीय पहिचान,<br>✓ नाटक, उत्सव, लोकगीत, सांस्कृतिक प्रदर्शनी जस्ता मनोरन्जनात्मक साधनहरु मार्फत स्थानीय शासन तथा बिकासबारे जनचेतना जगाउने,<br>✓ स्थानीय शासन तथा बिकासमा जनताको सहभागिता बढाउने,<br>✓ महिला, युवा, बालबालिका, आदिबासी जनजाति, मधेसी, दलित तथा अन्य पिछडिएका समुदायहरुको भुमिका,<br>✓ संस्कार परिवर्तनका कुराहरु,<br>✓ बदलिदो प्रबिधी तथा सामाजिक रुपान्तरणका कुराहरु । |

## ४.८ सुचना तथा संचार सामाग्रीको लागि मिडियाको छनौट

सुचना तथा संचार सामाग्रीको लागि मिडियाको छनौट तल उल्लेखित टेबलमा भए बमोजिम गरिनेछ ।

**तालिका नं : ४**

| माध्यम | मिडिया | सामाग्रीहरु |
|---|---|---|
| **विद्युतीय** | टेलिभिजन<br>✓ राष्ट्रिय टेलिभिजन<br>✓ स्थानीय टेलिभिजन<br>✓ केवल टेलिभिजन | ✓ भिडियो रिपोर्ट<br>✓ डकुमेन्ट्रि<br>✓ टेलिसिरियल<br>✓ अर्न्तवार्ता<br>✓ समाचार बुलेटिन<br>✓ प्रचारात्मक, प्रवर्द्धनात्मक तथा अन्य सामाग्रीहरु |
| | रेडियो<br>✓ सामुदायिक रेडियो<br>✓ स्थानीय व्यापारिक रेडियो<br>✓ राष्ट्रिय रेडियो<br>✓ देशव्यापी संजालमा आधारित रेडियो | ✓ नाटक<br>✓ रेडियो पत्रिका<br>✓ अन्तरवार्ता<br>✓ अन्तरसंवाद कार्यक्रम<br>✓ फिचर लेखन<br>✓ सफलताका समाचारहरु<br>✓ समाचार बुलेटिन<br>✓ प्रचारात्मक तथा प्रवर्द्धनात्मक अन्य सामाग्रीहरु |
| | इन्टरनेट<br>✓ वेभसाइट<br>✓ समाचार पोर्टलहरु<br>✓ ब्लग साइटहरु<br>✓ अनलाइन फोरमहरु<br>✓ सामाजिक संजालहरु<br>✓ (फेसबुक, ट्विटर आदि) | ✓ श्रव्य, दृष्य, अक्षर (छापा) तथा फोटामा आधारित सन्देशहरु<br>✓ संदेशहरुको आदान प्रदान |
| छापा | अखबारहरु<br>✓ राष्ट्रिय दैनिकहरु<br>✓ स्थानीय दैनिकहरु<br>✓ साप्ताहिक पत्रिकाहरु<br>✓ म्यागेजिनहरु | ✓ समाचारहरु<br>✓ लेख रचनाहरु<br>✓ प्रचारात्मक तथा प्रवर्द्धनात्मक सामाग्रीहरु<br>✓ सफलताका कथाहरु<br>✓ कुनै निश्चित बिषयवस्तुमा आधारित रिपोर्टहरु |

| | | |
|---|---|---|
| **साना प्रचार सामाग्रीहरु** | ✓ पोष्टर<br>✓ स्टिकरहरु<br>✓ फिलिप चार्टहरु<br>✓ पुस्तिका | ✓ फोटो तथा कार्टुनमा आधारित सन्देशहरु<br>✓ चेतनामुलक नाराहरु<br>✓ सफलताका कथाहरु |
| **संजाल वा समुह** | ✓ क्लबहरु<br>✓ समुहहरु<br>✓ व्यवसायिक समुहहरु<br>✓ नाट्य समुहहरु<br>✓ सेवा प्रदायकहरु | ✓ व्यक्तिगत परामर्श<br>✓ अनुभव तथा ज्ञानको आदान प्रदान<br>✓ समुहगत छलफल |
| मोबाइल फोन | ✓ एसएमएस | ✓ संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयसँग सम्बन्धित महत्वपुर्ण सुचना तथा संदेश एसएमएस मार्फत प्रवाहित गर्ने । |

## ४.९ सुचना, शिक्षा र संचार रणनीति अन्तर्गत केन्द्र तथा जिल्ला तहमा संचालन गरिने क्रियाकलापहरु

सुचना, शिक्षा र संचार रणनीति अन्तर्गतका कृयाकलापहरु केन्द्र तथा जिल्ला तहमा गरी छुट्टा छुट्टै कार्यान्वयन रणनीति अपनाएको खण्डमा मात्र प्रभावकारी हुने भएकोले देहाय बमोजिम उक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

**क. केन्द्रीय तहमा संचालन गरिने क्रियाकलापहरु**

**तालिका नं : ५**

| क्रम संख्या | क्रियाकलापहरु | सहायक क्रियाकलापहरु |
|---|---|---|
| १. | स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा, सुबिधा, तथा स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, लैगिंक समानता, स्थानीय शासन, दीगो बिकास लगायतका जानकारी समेटिएको Information Kit तयार पार्ने । | ✓ स्थानीय स्तरमा गर्ने भनिएका बाहेक सबै प्रवर्द्धनात्मक सामाग्रीको तयारी तथा उत्पादन गरी सही अवस्थामा छन् वा छैनन् हेर्ने |

| | | |
|---|---|---|
| २. | जनताको सुचनाको अधिकार सम्बन्धि जानकारी गराउन मन्त्रालयका उच्च तहका अधिकारीहरु तथा सुचना अधिकार क्षेत्रका बिज्ञहरु सम्मिलित टोलीहरुबाट जिल्ला तथा स्थानीय तह अन्तर्गत कार्यरत कर्मचारीहरुका लागि जिल्ला तहमा **अभिमुखीकरण** तालिम आयोजना गर्ने । यसका लागि तालिम दिन आवश्यक जनशक्ति उत्पादनको लागि Training of Trainners(TOT) कार्यक्रम केन्द्रबाट संचालन गर्ने । | |
| ३. | आमसंचारका कार्यक्रमहरु | ✓ आमसंचारका कार्यक्रमहरु तयारी तथा स्थानीय निकाय मार्फत जिल्ला तथा गाउँ तहका निकायहरुमा बितरण गर्ने ।<br>✓ पत्रकारहरुलाई स्थानीय बिकास मन्त्रालय अन्तर्गतका गतिबिधि रिपोर्टिङ. गर्न फेलोसिपको व्यवस्था गर्ने ।<br>✓ छापा माध्यम, टेलिभिजन, रेडियो तथा अनलाइन न्युज पोर्टलका सम्पादक तथा पत्रकारहरुसँग अन्तरक्रिया गरी स्थानीय मन्त्रालयको रिपोर्टिङ्गको बिट खडा गर्ने ।<br>✓ पत्रकारहरुको टोलीलाई बिभिन्न ठाउँको स्थलगत अध्ययनको लागि लैजाने । |
| ४. | सार्वजनिक कार्यक्रमहरु | ✓ सेमिनार तथा अभिमुखीकरण कार्यक्रमसंचालन गर्ने ।<br>✓ महत्वपुर्ण बिषयबस्तुमा बिकास बहस कार्यक्रम संचालन ।<br>✓ स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा,सुबिधा तथा अन्य गतिबिधिको बारेमा जानकारी पुऱ्याउने खालका गीत तथा सडक वा रेडियो नाटक संचालन गर्ने । |
| ५. | साना संचार माध्यमहरु | ✓ फोटोजन्य सुचना, संदेश तथा जनचेतनामुलक नाराहरुको तय गरी त्यस्ता प्रचार सामाग्रीहरुको डिजाइन तथा उत्पादन गरी बितरणको लागि स्थानीय तहसम्म पुऱ्याउने । |
| ६. | स्थानीय बिकास मन्त्रालय अन्तर्गतका कामहरुबाट सिकिएका पाठहरुको | ✓ स्थानीय स्तरबाट प्राप्त सफलताका घटनाहरु तथा सफलताका समाचारहरु मन्त्रालयको आफ्नै श्रोत,साधन वा |

| | | |
|---|---|---|
| | अभिलेखीकरण | सम्बन्धित बिषयमा जानकार संचारकर्मी contract out गरेर प्रकाशन तथा प्रशारणको लागि तयार पार्ने ।<br>✓ त्यस्ता सामाग्रीहरु मन्त्रालयको वेभसाइटमा राख्ने तथा प्रचार प्रसारको लागि बितरण गर्ने ।<br>✓ केन्द्र तथा स्थानीय स्तरमा रहेका बिभिन्न क्षेत्रका श्रोत व्यक्तिहरुको सूची तयार पार्ने ।<br>✓ केन्द्रीय तथा स्थानीय संचार माध्यममा प्रकाशित तथा प्रशारित समाचारहरुको clippings तथा video footage को अभिलेख तयार पार्ने । |
| ७. | सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि | ✓ अध्ययन भ्रमण तथा स्थानीय तहमा काम गर्ने अधिकारीहरुसँग ज्ञान आदान प्रदानको लागि केन्द्रमा रहेका अधिकारीहरुसँग जिल्ला तहमा अन्तरक्रिया कार्यक्रमको आयोजना ।<br>✓ सुचना व्यस्थापनका उपाय तथा तरिकाका बारेमा जानकारी दिने ।<br>✓ स्थानीय तहमा सुचनाको प्रकाशन तथा प्रशारणको लागि तोकिएका इकाइहरुको आवश्यक पुर्वाधार विकास गर्ने । |
| ८. | पत्रकारहरुको क्षमता अभिबृद्धि | ✓ केन्द्रीय तहमा संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको काम कारवाहीको बारेमा प्रभावकारी मिडिया कभरेज गराउने उद्देश्यका साथ पत्रकार प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गर्ने ।<br>✓ प्रशिक्षित पत्रकारहरुको माध्यमबाट स्थानीय तहमा कार्यरत पत्रकारको सीप अभिबृद्धिको लागि जिल्ला स्तरमा तालिमको आयोजना गर्ने । |
| ९. | तालिमको म्यानुएल (Manual) तथा आवश्यक ToR र Guidelines तयार पार्ने | ✓ सेवा प्रदायकलाई दिने तालिमको म्यानुएल (Manual) तयार पार्ने ।<br>✓ पत्रकारलाइ दिने तालिमको म्यानुएल (Manual) तयार पार्ने ।<br>✓ बिभिन्न प्रचार सामाग्रीहरुको तयारीको लागि बिज्ञहरु contract out गर्न आवश्यक ToR र Guidelines तयार पार्ने । |
| १०. | अनुगमन तथा मुर्ल्याकन | ✓ नियमित अनुगमनको व्यवस्था<br>✓ नियमित सहभागिता |

| | | |
|---|---|---|
| | | ✓ द्रुत अध्ययन (Rapid Studies)<br>✓ मुल्यांकन अध्ययन |

## ख. स्थानीय तहमा संचालन गरिने क्रियाकलापहरु

**तालिका नं : ६**

| क्रम संख्या | क्रियाकलापहरु | सहायक क्रियाकलापहरु |
|---|---|---|
| १ | आम संचारका कार्यक्रमहरु | ✓ स्थानीय स्तरमा उत्पादन गर्ने भनिएका आमसंचारका कार्यक्रमहरु तयारी तथा नगरपालिका तथा गाउँ तहका निकायहरुमा बितरण गन,<br>✓ पत्रकारहरुलाई स्थानीय बिकास मन्त्रालय अन्तर्गतका गतिबिधि रिपोर्टिड. गर्न स्थानीय स्तरको फेलोसिपको व्यवस्था गर्ने,<br>✓ छापा माध्यम, टेलिभिजन, रेडियो तथा अनलाइन न्युज पोर्टलका सम्पादक तथा संवाददाताहरुसँग अन्तरक्रिया गरी स्थानीय निकायहरुको काम कारवाही तथा अन्य गतिबिधिको रिपोर्टिङ्गको सुनिश्चितता गर्ने,<br>✓ पत्रकारहरुको टोलीलाई जिल्लाका बिभिन्न ठाउँको स्थलगत अध्ययनको लागि सहयोग गर्ने । |
| २ | सार्वजनिक कार्यक्रमहरु | ✓ स्थानीय स्तरका सेमिनार तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने,<br>✓ महत्वपुर्ण बिषयबस्तुमा बिकास बहस कार्यक्रम संचालन,<br>✓ स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा,सुबिधा तथा अन्य गतिबिधिको बारेमा जानकारी पुऱ्याउने खालका गीत तथा सडक वा रेडियो नाटक संचालन गर्ने । |
| ३ | साना मिडियाका कार्यक्रमहरु | ✓ केन्द्रबाट प्राप्त फोटोजन्य सुचना, संदेश तथा जनचेतनामुलक नाराहरुको बितरण स्थानीय तहसम्म पुऱ्याउने,<br>✓ पोस्टर तथा पम्पलेट सार्वजनिक स्थलहरुमा टाँसी स्थानीय निकायहरुको काम कारवाही तथा अन्य गतिबिधिको बारे जनचेतना फैलाउने । |
| ४ | आफ्नो कार्यालय मातहत भएका कामहरुबाट सिकिएका पाठहरुको अभिलेखीकरण | ✓ आफ्नो कार्यालय मातहत भएका सफलताका समाचारहरु तयार पारी केन्द्रलाइ पठाउने तथा स्थानीय स्तरमा प्रकाशन तथा प्रशारणको लागि बितरण गन,<br>✓ स्थानीय स्तरमा रहेका बिभिन्न क्षेत्रका श्रोत व्यक्तिहरुको सूची तयार पार्ने,<br>✓ स्थानीय संचार माध्यममा प्रकाशित तथा प्रशारित समाचारहरुको clippings तथा video footage |

| | | |
|---|---|---|
| | | को अभिलेख तयार पार्ने । |
| ५ | सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि | ✓ स्थानीय स्तरको अध्ययन भ्रमण तथा नगरपालिका, गाउँ बिकास समिति तथा समूदायस्तरमा काम गर्ने नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका संयोजकहरुको सम्बन्धित जि.बि.स.का अधिकारीहरुसग अन्तरक्रिया  कार्यक्रमको आयोजना गन,<br>✓ सुचना व्यस्थापनका उपाय तथा तरिकाका बारेमा नगरपालिका, गाउँ बिकास समिति तथा समूदाय स्तरमा काम गर्ने नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका संयोजकहरुलाई जानकारी दिन,<br>✓ सामुदायिक तहमा सुचनाको बितरण तथा संप्रेषणको सुनिश्चितताको लागि आवश्यक व्यवस्था गर्ने । |
| ६ | पत्रकारहरुको  क्षमता अभिबृद्धि | ✓ स्थानीय स्तरमा कार्यरत पत्रकारहरुको सम्पर्क बिबरण सहितको सूची तयार पार्ने,<br>✓ केन्द्रमा प्रशिक्षित पत्रकारहरुको माध्यमबाट स्थानीय तहमा कार्यरत पत्रकारको सीप अभिबृद्धिको लागि जिल्ला स्तरमा तालिमको आयोजना गर्न आवश्यक समन्वय गर्ने । |
| ७ | तालिमको म्यानुएल (Manual) तथा आवश्यक ToR र Guidelines तयार पार्ने | ✓ स्थानीय स्तरमा उत्पादन गर्ने भनिएका प्रचार सामाग्रीहरुको तयारीको लागि बिज्ञहरु contract out गर्न आवश्यक ToR र Guidelines तयार पार्ने |
| ८ | अनुगमन तथा मुल्यांकन | ✓ नियमित अनुगमनको व्यवस्था<br>✓ नियमित सहभागिता<br>✓ द्रुत अध्ययन (Rapid Studies)<br>✓ मुल्यांकन अध्ययन |

# ४.१० समयतालिका सहितको कार्ययोजना माग (Demand Side) तथा पुर्ति पक्ष (Supply Side)

**कार्यक्रम संचालनको समयतालिका सहितको कार्ययोजना**

| | | बर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो बर्ष २०१५ | | | दोस्रो बर्ष २०१६ | | | तेस्रो, चौथो र पांचौ बर्ष | |
| **क्रियाकलापहरु** | **सहायक क्रियाकलापहरु** | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | पहिलो चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | | |
| संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा, सुबिधा, तथा स्थानीय स्वायत्त शासन, बिकेन्द्रिकरण, लैगिंक समानता, स्थानीय शासन, दीगो बिकास लगायतका जानकारी समेटिएको Information Kit तयार पार्ने, मन्त्रालयका काम कारवाही तथा जनताको सुचनाको अधिकारबारे स्थानीय निकायमा कार्यरत अधिकारीलाइ जानकारी दिन जिल्लास्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । | योजना | | | | | | | | |
| | बिज्ञ टीमको छनौट तथा कार्य सम्पादनको संझौता | | | | | | | | |
| | मन्त्रालयका काम कारवाही तथा जनताको सुचनाको अधिकारबारे ToT संचालन गरी जिल्ला स्तरमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने । | | | | | | | | |
| | सम्झौता कार्यान्वयन तथा बितरण | | | | निरन्तर | | | | |
| आमसंचारका कार्यक्रमहरु | उत्पादित सामाग्रीको आम संचार माध्यममा प्रकाशन तथा प्रशारण योजना | | | | | | | | |
| | प्रकाशन तथा प्रशारणका लागि संचार माध्यामको छनौट | | | | | | | | |
| | उत्पादन तथा बितरण | | | | | | | | |
| | परीक्षण, | | | | | | | | |
| | प्रकाशन | | | | | | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रशारण | | | | | | निरन्तर | | |
| सार्वजनिक कार्यक्रमहरु | योजना | | | | | | | | |
| | बिज्ञ संस्थाको छनौट तथा कार्यान्वयन सम्झौता | | | | | | | | |
| | योजना कार्यान्वयन | | | | निरन्तर | | | | |
| साना मिडिया | योजना प्रचार | | | | | | | | |
| | सामाग्रीको तयारी | | | | | | | | |
| | परीक्षण तथा बितरण | | | | | | | | |
| स्थानीय बिकास मन्त्रालय अन्तर्गतका कामहरुबाट सिकिएका पाठहरुको अभिलेखीकरण | योजना | | | | | | | | |
| | छनौट तथा कार्यान्वयन सम्झौता | | | | | | | | |
| | कार्यान्वयन तथा बितरण | | | | | | | | |
| पत्रकारहरुको क्षमता अभिबृद्धि | योजना तथा पत्रकारहरुको छनौट | | | | | | | | |
| | कार्यान्वयन | | | | | | | | |
| सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि | योजना | | | | | | | | |
| | योजना कार्यान्वयन | | | | | | | | |
| तलिमको म्यानुएल (Manual) तथा आवश्यक ToR र Guidelines तयारी | बिज्ञ टीमको छनौट तथा कार्य सम्पादनको संझौता | | | | | | | | |
| | उत्पादन तथा बितरण | | | | | | | | |
| अनुगमन तथा मुल्यांकन | नियमित अनुगमन | | | निरन्तर | | | | | |
| | नियमित अध्ययन | | | निरन्तर | | | | | |
| | द्रुत अध्ययन (Rapid studies) | | | | | | | | |
| | प्रभाव अध्ययन (Impact studies) | | | | | | | | |

## ४.११ सूचना, शिक्षा र संचार रणनीति २०७२ को कार्यान्वयन अवधि

यो रणनीति मुख्तयतः मन्त्रालयले लागु गरेको स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम २०१३/२०१४–२०१६/२०१७ लाई मध्यनजर राख्दै तयार पारिएको भएतापनि आवश्यक परिमार्जन सहित मन्त्रालयले उक्त कार्यक्रम समाप्ति पछि पनि यो रणनीतिको कार्यान्वयनलाई संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले निरन्तरता दिन सक्नेछ । यस रणनीतिको कार्यान्वयन अवधि लागु भएको मितिले पाँचबर्ष सम्म हुनेछ ।

## ४.१२ कार्य सम्पादनका लक्ष्यहरु प्राप्तिको अनुगमन तथा मुल्यांकन

कार्य सम्पादनका उल्लेखित लक्ष्यहरु प्राप्त भए नभएको पत्ता लगाउन निश्चित मापदण्ड तयार गरी बार्षिक रुपमा छनौट गरिएका स्थानहरुमा स्थलगत अध्ययन गरिनेछ । यसका लागि मन्त्रालयको आन्तरिक अनुगमनका अतिक्ति स्थानीय बिकास मुद्दाहरुको रिपोर्टिङ्ग गरिरहेका पत्रकारहरुको समुहबाट तेस्रो पक्ष अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । अपेक्षित उद्देश्य प्राप्त नभएको पाइए त्यसका संभावित कारणहरु पत्ता लगाइ यो सुचना, शिक्षा र सञ्चार रणनीतिलाई आवश्यक परिमार्जन गरिनेछ ।

### ४.१२.१ आन्तरिक अनुगमनका मापदण्डहरु

अनुगमन मापदण्डहरुले कति प्रभावकारी ढंगले सुचना, शिक्षा तथा संचार रणनीति अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयन गरिएको छ भन्ने कुराको जानकारी गराउँदछन् । यी क्रियाकलापहरुमा लक्षित समुदायको पहुँच पुगेको छ वा छैन भन्ने बिषय अनुगमनको मुख्य पक्षको रुपमा रहनेछ ।

**क. आन्तरिक अनुगमन मापदण्ड अन्तर्गत देहायका कुराहरु हेरिनेछ ।**

- कति संख्यामा अनलाइन, छापा माध्यम तथा टेलिभिजन र रेडियो कार्यक्रम उत्पादन गरिएको छ ।
- कति अनलाइन, छापा माध्यम तथा टेलिभिजन र रेडियोले ती कार्यक्रमहरु प्रकाशन तथा प्रशारण गरेका छन् ।
- अनलाइन, छापा माध्यम तथा टेलिभिजन र रेडियोले योजना अनुरुप प्रकाशन वा प्रशारण गरेका छन वा छैनन् ।
- सबै सेवा प्रदायकहरुले आवश्यक तालिम प्राप्त गरेका छन् वा छैनन् ।

सुचना, शिक्षा तथा संचार रणनीति अन्तर्गतका क्रियाकलापहरुको आवधिक हिसाबले नियमित रुपमा अनुगमन गरेको खण्डमा देखिएका समस्याहरुको छिटो जानकारी प्राप्त भइ कार्यान्वयनमा चुस्तता ल्याउन मद्दत पुग्नेछ ।

**ख. तेस्रोपक्ष अनुगमनका मापदण्डहरु**

तेस्रो पक्ष अनुगमन अन्तर्गत आवश्यकता अनुरुप आवधिक रुपमा स्थलगत अनुगमन गर्ने तथा सेवा प्रदायक इकाइहरुको भ्रमण समेत गरी संचार रणनीतिको प्रभावकारिताको बारेमा अध्ययन गरिनेछ।

**तेस्रोपक्ष अनुगमन मापदण्ड अन्तर्गत देहायका कुराहरु हेरिनेछ।**

- लक्षित समुहको संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा, सुबिधामा पहुँच कस्तो रहेको छ।
- महिला, दलित, आदिबासी जनजाति, अपांग तथा अन्य पिछडिएको बर्गको स्थानीय निकायका क्रियाकलाप तथा नीति निर्माणमा कस्तो उपस्थिति रहेको छ।
- लक्षित समुहले संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयले प्रदान गर्ने सेवा, सुबिधाको महत्ववारे बुझेका छन वा छैनन्।

### ४.१२.२ कार्यक्रमहरुको मुल्यांकन

सुचना, शिक्षा तथा संचार रणनीति अन्तर्गतका क्रियाकलापहरुले अपेक्षित परिणाम ल्याए नल्याएको मुल्यांकन गर्न देहाय बमोजिमका उपायहरु अपनाइनेछ।

- नियमित अनुगमन,
- सुचना, शिक्षा तथा संचार सामाग्रीहरुको उत्पादन र बितरणको अनुगमन, तालिम तथा कार्यशालाको आयोजना गर्ने,
- सम्बन्धित सबैको नियमित सहभागिता,
- सामान्य बैठक, मुल्यांकन बैठक तथा संयुक्त अनुसन्धान गतिबिधीमा सम्बन्धित सबैको सहभागिता सुनिश्चित गर्ने,
- द्रुत अध्ययन (Rapid Studies) संचालन,
- साना खालका सर्भे तथा focus group को अन्तर्वार्ता गर्ने,
- ठुला खालका मुल्यांकन अध्ययन,
- बार्षिक सर्भे,
- छनौट स्थानमा प्रभाव अध्ययन(Impact Study)।